मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

**सूचना**

- सूचनाको हक प्रयोग गरी सम्बन्धित र सार्वजनिक सरोकारका सूचना मागौं ।
- सूचनाको हक नागरिकको मौलिक अधिकार हो ।
- प्रत्येक नेपालीलाई सार्वजनिक निकायको सूचना माग्ने र पाउने अधिकार छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २४ ◆ अङ्क : २८३ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ भदौ १२ गते बिहीबार (Thursday, August 29. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**कृषिबाट समृद्धि**

# बाख्राले फेरियो जीवन, गोठबाटै सय लिटर दूध विक्री



सुरेन्द्र भण्डारी

**बिर्तामोड, भदौ ११।** उनी पेशाले व्यवसायी हुन् । उनको अर्जुनधारामा पसल छ । पसल राम्रो चलेकै छ । तर, मनमा शान्ति नभएपछि अर्जुनधारा नगरपालिका-७ निवासी ५० वर्षीया गीता चापागाँई अहिले ढुक्कले बाख्रापालन व्यवसायमा रमाएकी छिन् । नरमाउन् पनि किन ? उनले १० वटा बाखा किनेर फूलमती खोलाको किनार कैलाशघाटमा यो व्यवसाय शुरु गरिन् । अहिले उनको खोरमा ५०भन्दा बढी बाख्रा छन् । बाख्राले नै मनग्ये आम्दानी दिने भएपछि उनी दंग मात्र छैनन् बिगतमा गरेको दु:खको कथा पनि बिर्सिंदै गएकी छिन् ।

विरीङ खोलाको भंगालो पसेर बनेको फूलमती खोला वर्षायाममा डरलाग्दो गरी बढ्छ । गर्दागर्दैको व्यापार छाडेर त्यही खोलाको किनारमा आफ्नो भएको ११ कट्ठा जमिनमा उनले बाख्रा पाल्ने निधो गरिन् र शुरु गरिन् बाख्रापालन व्यवसाय । जुन व्यवसायले उनलाई अहिले अर्जुनधारा नगरमा मात्रै होइन देशविदेशमा सफल बाख्रापालक कृषकको रुपमा चिनाएको छ ।

सहारा नेपाल सहकारी संस्थाको सहारा उज्ज्वल महिला समूहको केन्द्र नम्वर १२४की सदस्य उनी अहिले सोही केन्द्रको प्रमुख छिन् । समूहका सदस्यको जीवनस्तर उकास्दै आय-आर्जनको क्षेत्रमा सहकारीले लगानी गर्ने भएपछि उनले पनि बाख्रा पाल्ने निधो गरेकी थिइन् । तीन लाख रुपैयाँ सहाराबाट ऋण लिएर डराउँदै १० वटा बाख्रा किनेर शुरु गरेको व्यवसाय यति छिटो यसरी फष्टाउला भन्ने कल्पनासम्म नगरेकी गीता अहिले आफैं आश्चर्यमा छिन् ।

किनकि उनले पालेका बाख्राको दुई महिने पाठो ३५देखि ४० हजार रुपैयाँसम्ममा बिक्री हुन थालेको छ । नसोचेको आम्दानी हुँदा उनी मात्र होइन देख्ने सुन्ने सबै आश्चर्यमा छन् । बोयर जातिको उन्नत बाख्राको दाम महंगो हुँदो रहेछ उनले भनिन्- 'दुई महिने पाठो ४० हजारमा बिक्छ ।'

सहारा नेपाल सहकारीले व्यवसायिक कृषि कर्जाका लागि लगानी गऱ्यो- उनले भनिन्- म त कस्मेटिक व्यवसाय सञ्चालन गरेर बसेकी मान्छे बाख्रापालन सम्बन्धी ज्ञान नै थिएन, तालिम पनि सहकारीले नै दियो, बाख्रा पाल्ने किसानलाई घाँस पनि सहकारीले नै दिने भएपछि बाख्रा पाल्न थालेकी हुँ । अहिले स्थानीयसहित बोयर, जमुनापारी प्रजातिका बाख्रा छन्- उनले भनिन्- सबै बाख्राको बीमा गराएकी छु ।

गतवर्ष साउनबाट बाख्रा पाल्न शुरु गरेकी गीताले अहिले दुई जनालाई रोजगारी पनि दिएकी छिन् । उनको व्यवसायमा श्रीमान् आनन्द चापागाँईले पनि सघाउँदै आएका छन् । बाख्रापाल्नकै लागि फूलमती खोलाको बगरमा चापागाँई परिवारले अहिले

(बाँकी अन्तिम पृष्ठमा)

## दण्डपाणिको मासिक आय एक लाख ८० हजार



**बिर्तामोड, भदौ ११।** झापाका पशुपालक कृषकले दूधको उचित मूल्य नपाएको गुनासो गरिरहेका बेला सुरुङ्गाका एक कृषकलाई भने उपभोक्ताको माग अनुसारको दूध उत्पादन गर्न हम्मे-हम्मे परेको छ ।

कनकाई नगरपालिका-३ निवासी दण्डपाणि गौतम (डीपी गौतम)ले अहिले दैनिक एक सय लिटर दूध उत्पादन गर्छन् । उनले उत्पादन गरेको दूध गोठबाटै बिक्री हुन्छ, त्यो पनि ६० रुपैयाँ प्रतिलिटर । झापा गाउँपालिका-६स्थित शरणामतीका किसानले दूधको उचित मूल्य नपाएको भन्दै सडकमा दूध पोखेर डेरी उद्योगको बिरोध जनाए पनि गौतमलाई अहिले उपभोक्तालाई दूध पुऱ्याउन मुस्किल छ ।

साढे तीन वर्ष अगाडि १५ वटा कोरली

(बाँकी अन्तिम पृष्ठमा)

## अख्तियारको छानविन, अध्यक्षलाई स्पष्टीकरण

**बिर्तामोड, भदौ ११।** कृषि बजार व्यवस्थापन समिति बिर्तामोडले नियम विपरीत कर्मचारी नियुक्त गरेपछि अख्तियारले छनविन थालेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीले समितिले नियम विपरीत कर्मचारी नियुक्त गरेको उजुरीको आधारमा छानविन शुरु गरेको आयोगले जनाएको छ ।

आयोगका लेखा अधिकृत भरतबहादुर ढुङ्गानाले कृषि बजार व्यवस्थापन समितिलाई १० दिनको समय दिएर कार्यालयमा नियुक्त गरिएका व्यवस्थापक

**बिर्तामोडको कृषि बजारमा अनियमितता**

सीताराम नेपाल र लेखापाल पवित्राकुमारी पौडेलको बिषयमा लिखित जवाफ दिन पत्राचार गरेका छन् ।

आयोगले गतसाउन २८ गते नै पत्राचार गरेको हो । अख्तियारको पत्रमा व्यवस्थापक नेपाल र लेखापाल पौडेललाई कुन पदमा ? कुन मितिमा ? कुन कानूनी ? व्यवस्था बमोजिम ? कुन प्रक्रियाबाट नियुक्त गरिएको हो, सो सम्बन्धि सत्यतथ्य विवरण पेश गर्न निर्देशन दिइएको छ ।

पूर्वाञ्चल दैनिकले यस अघि सो विषयमा कृषि बजार विकास तथा व्यवस्थापन निर्देशिका २०७३लाई लत्याउँदै आफू खुशी करारमा कर्मचारी नियुक्ति गरेको समाचार प्रकाशित गरेको थियो । समाचार प्रकाशन गरे लगत्तै अख्तियारमा लिखित उजुरी परेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानविन शुरु गरेको हो ।

नियुक्त भएका व्यस्थापक नेपाल कृषि ज्ञान केन्द्रका निमित्त कार्यालय प्रमुख तथा कृषि बजार व्यवस्थापन समितिका सदस्य शालीकराम भट्टराईका भिनाजु र लेखापालमा नियुक्त गरिएकी बिर्तामोड-८ निवासी पवित्राकुमारी जिल्ला प्रशासन कार्यालय झापाका कर्मचारी लक्ष्मीप्रसाद खरेलकी साली हुन् । उनीहरुले समितिका अध्यक्ष तथा कृषि विकास फर्म चन्द्रडाँगीका प्रमुख समेत रहेका धनबहादुर थापाको मिलेमतोमा नियम विपरीत कर्मचारी नियुक्त गरेका थिए ।

यता कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकीकरण प्रवर्द्धन केन्द्रले बिर्तामोडस्थित कृषि बजार व्यवस्थापन समिति गठनका लागि दिएको समयावधि सकिँदा समेत समिति गठन गर्न नसकेपछि कृषि बिभागले तदर्थ समितिका अध्यक्ष थापालाई सो सम्वन्धी स्पष्टीकरण सोधेको छ । भदौ ५ गते कृषि वजार व्यवस्थापन समितिका नाममा लिखित पत्राचार गर्दै स्पष्टीकरण पेश गर्न कृषि अर्थविज्ञ श्यामराज विष्टले सात दिनको समय दिएका छन् । जसको बोधार्थ कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई समेत पठाइएको छ ।

कृषि विभाग बजार विकास, आर्थिक विश्लेषण तथा तथ्याङ्क शाखाले नेपाल सरकार मन्त्रीस्तरको २०७५ /१० /२२

(बाँकी अन्तिम पृष्ठमा)

## जेलमा सीसी क्यामेरा र बिद्युतीय हाजिरी

**काठमाडौँ, भदौ ११।** देशभरका कारागारहरुलाई व्यवस्थित बनाउने योजनामा सरकार लागेको बताइएको छ ।

गृहमन्त्री रामबहादुर थापा 'बादल'को कारागार सुधार कार्ययोजना अन्तर्गत सबै कारागारमा सीसीटीभी क्यामेरा जडान गरिएको छ । कारागार व्यवस्थापन विभागका अनुसार आर्थिक वर्ष २०७५/०७६ मा कारागारको सुरक्षाका लागि देशभरका ७४ वटै कारागारमा सीसीटीभी क्यामेरा जडान गरिएको हो । यस्तै, चालू आर्थिक वर्षमा सबै कारागारमा रहेका कैदीबन्दीका लागि विद्युतीय हाजिरको समेत व्यवस्था गर्न लागिएको छ ।

विभागका महानिर्देशक हरिप्रसाद मैनाली कारागारभित्रका कैदीबन्दीको सुरक्षा र हाजिरीका लागि सीसी क्यामरा जडान तथा विद्युतीय हाजिरीको व्यवस्था गरिएको बताउँछन् । सीसीटीभी क्यामेरा

(बाँकी अन्तिम पृष्ठमा)

**जग्गा बिक्रीमा**

झापाको साविक गोलधाप गाविस हाल हल्दिबारी गाउँपालिका वडा नम्बर १मा रहेको १-८-०-० (एक बिगाह ८ कठ्ठा) जग्गा बिक्रीमा रहेकोले इच्छुक महानुभावले सम्पर्क राख्नुहोला

**जग्गाको बिशेषता:** पानी नजम्ने, प्राकृतिक जंगल तथा हरियाली, २५ फिटको बाटोले छोएको, उर्वरा माटो ।

सम्पर्क: ९८२५९२९०६६

**पायल्स तथा फिस्टुलाको उपचार छारसुत्रबाट**

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **भदौ १३, १४, १५ र १६** गते काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

ॐ धनवन्तरी आयुर्वेद क्लिनिक

बाणिज्य बैंक छेउ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)

**प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना**

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडमा स्नातक तह व्यवस्थापन संकायतर्फ **चार बर्षे वीवीएस प्रथम (4 yrs BBS First Year)** बर्षमा विद्यार्थी भर्ना खुलेको सम्पूर्ण विद्यार्थी तथा अभिभावकहरुमा जानकारी गराउँदछौं ।

**विद्यार्थी भर्ना आवेदन फारम कलेज प्रशासनबाट वितरण भइरहेको छ ।**

सम्पर्क: प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट
बिर्तामोड-१, झापा (फोन नं. ०२३-५४०४४३, ५४०१९५)

**कर्मचारी आवश्यकता**

बिर्तामोडस्थित सेन्टरपोइन्ट पार्टी प्यालेस (CP Hotel) लाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकाले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

क) पद- **रिसेप्सनिष्ट** : १ जना (महिला)
योग्यता: +२, सम्बन्धित काममा अनुभव, तलब: १२०००+ खाना
ख) पद- **वेटर** : ३ जना (पुरुष) **वेट्रेस:** ४ जना (महिला)
सम्बन्धित काममा दक्ष तलब: समझदारीमा

सम्पर्क: सीपी होटल एण्ड पार्टी प्यालेस
पश्चिम स्टेण्ड दक्षिण, बिर्तामोड, झापा
फोन नं. ०२३-५४४२१७, ९८०८५६०२७३

**कर्मचारी आवश्यकता**

एक जीवन विमा कम्पनीको लागि शाखा विस्तार गर्नुपर्ने भएकोले केही कर्मचारीहरुको आवश्यकता परेको हुँदा योग्यता पुगेका व्यक्तिले आफ्नो व्यक्तिगत विवरणसहित सम्पर्क गर्नुहोला ।

**न्यूनतम् योग्यता:** +२ पास
मोटरसाइकल तथा स्कुटर चलाउन जान्ने स्थानीयलाई विशेष ग्राह्यता
**विस्तार गरिने शाखा:** बुधवारे, धुलावारी, चन्द्रगढी, सुरुङ्गा
**विवरण बुझाउने मिति:** २०७६ भदौ २० गतेसम्म
सम्पर्क: ०२३-५४३२९९, ५४३७४२

**नि:शुल्क स्वास्थ्य शिविर**

(यही भदौ १४ गते शनिवार)

| | |
|---|---|
| डा. निलकण्ठ उपाध्याय BAMS/ TU | पाइल्स, हर्षा, बबासिर, कब्जियत, दम, खोकी, ग्याष्ट्रिक, शिरोरोग, पिनास, महिला रोग |
| डा. भगवान शाह MPT / CMT | कम्मर, दुख्ने, गर्दन दुख्ने, नशा च्यापिएको, बाथ, युरिक एसिड, प्यारालाइसिस, मुख बाङ्गिएको |

फिजियोथेरापी, क्षारसुत्र र प्याथालोजीमा विशेष छुटको व्यवस्था छ ।

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन नं. ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

**बाथरोगका बिरामीहरुलाई खुशीको खबर**

डा. अन्जल बिष्ट
M.B.B.S. M.D.(Internal Medicine)(NAMS)
Fellowship in Clinical Immunology and Rheumatology (GRIPMER New Delhi)
बाथरोग विशेषज्ञ
NMC-8013

यही भदौ १३ गते र १४ गते शनिबार वीर अस्पताल काठमाडौंबाट आउँदै हुनुहुन्छ ।

डा. सुधिर गिरी
M.B.B.S. M.D. (Skin & V. D.) (T.U.T.H)
छाला(चर्म) यौन तथा कुष्ठ रोग विशेषज्ञ
NMC. No– 5344
दैनिक सेवा उपलब्ध छ ।

सम्पर्क: प्रान्जल फार्मेसी,
अन्धुवा पुल, उत्तर बिर्तामोड (०२३-५४४८२२, ९८४२६५४३२५)

Study Korean Language 한국어
कोरियन भाषा
बिहान -५:00 बजे देखि बेलुका -६:00 बजे सम्म
फास्ट ट्र्याक नै किन ?

थप जानकारीको लागि सम्पर्क:
FAST TRACK EDUCATION CONSULTANCY (P) LTD, BIRTAMODE
Birtamode Office
Birtamode-5, Shanischare Road
(Opp. to Everest Bank), Jhapa
Phone No. 023-540359
Mob.: 9816038804, 9863976183
Kathmandu Office
Bagbazar-28, Kathmandu
(Opp. to NCC Bank)
Phone No. 01-4233326,4233644
Mob.: 9841690690
Butwal Office
Butwal-10, Rupandehi
Traffic Chowk
Phone No. 071-544245
Mob.: 9857057853
www.fasttrack.edu.np fasttrackeducation@gmail.com fb.com/fasttrackedu

# कारवाही बढ्यो, बिद्युत् चुहावट घट्यो

**मेचीनगर, भदौ ११।** विगत तीनवर्ष यतादेखि नेपाल विद्युत् प्राधिकरण भद्रपुर बितरण केन्द्रबाट विद्युत् चुहावट निक्कै कम हुँदै गएको छ।

प्राधिकरणले गैरकानूनी रुपमा विद्युत् उपभोग गर्नेलाई धमाधम पक्राउ गरी कारवाही अघि बढाएपछि विद्युत् चुहावट हरेक वर्ष घटेको प्राधिकरणले जनाएको छ। अनाधिकृत रुपमा हुकिङ्ग गरी विद्युत् चोरेको भन्दै कारवाही स्वरुप दण्ड जरिवाना समेत गराउन थालेपछि चुहावट कम भएको प्राधिकरण प्रमुख राम उदगार साहले बताए। उनका अनुसार गत आर्थिक वर्ष २०७५/०७६मा यस केन्द्रबाट १३ दशमलव ३३ प्रतिशत विद्युत् चुहावट भएको छ। जुन चुहावट अघिल्लो आर्थिक वर्षको तुलनामा ३ दशमलव शून्य ५ प्रतिशतले कम हो।

अघिल्लो आर्थिक वर्ष २०७४/०७५ मा १५ दशमलव ३८ प्रतिशत विद्युत् चुहावट भएको थियो। बितेको आर्थिक वर्ष २०७३/०७४को चुहावट १६ दशमलव ४१ प्रतिशत थियो। तुलनात्मक रुपमा भद्रपुर वितरण केन्द्रमा विद्युत् चुहावट नियन्त्रण भएको प्राधिकरण प्रमुख साहको भनाइ छ। ११ देखि १३ प्रतिशतसम्म प्राविधिक तथा सीस्टमकै कारण चुहावट हुने गरेको प्राधिकरणले जनाएको छ।

आफ्नो क्षेत्रमा प्राधिकरणले छड्के अनुगमन गर्ने र हुक लगाएर विद्युत् चोरी गरी गैरकानूनी रुपमा उपभोग गर्नेलाई कारवाही गर्ने क्रमलाई प्रहरीको सहयोगमा तीव्र पारिएपछि बिजुली चोरहरु धमाधम कारबाहीमा पर्न थालेको उनको भनाइ छ। गत वर्ष एकवर्षे अवधिमा ५ हजार ८ सय १७ विद्युत् उपभोक्ताको घर निरीक्षण गर्दा २५ जना उपभोक्ता कारवाहीमा परेका थिए।

प्राविधिक रुपमा मिटरमा समेत समस्या आएका कारण विद्युत् चुहावट हुने गरेको थियो। प्राधिकरणले यसका लागि पनि अनुगमन गरेको थियो। शुरुमा उपभोक्ताबाट रकम लिएर नयाँ मिटर जडान गरे पनि पछि प्राविधिकरुपमा बिग्रिएका त्यस्ता मिटर संकलन गरी निःशुल्क रुपमा नयाँ मिटर उपलब्ध गराएको साहको भनाइ छ। गतआर्थिक वर्ष २०७५/०७६मा प्राधिकरणले ४ सय ७७ मिटर निःशुल्क वितरण गरेको छ। वितेको आर्थिक वर्ष २०७४/०७५मा सिंगल फेजतर्फ ७ सय ३१ र अन्य फेजमासहित एकहजारभन्दा बढी मिटर फेरिएको छ।

मिटरमा आएको समस्या र गैरकानूनी रुपमा विद्युत् उपयोग गर्दा राज्यले निक्कै ठूलो आर्थिक व्ययभार सहनु परेको थियो अहिले सवै क्रमशः नियन्त्रणमा आएको प्रमुख साहको भनाइ छ। विभिन्न व्यक्तिहरुले विद्युत्को प्रमुख तारबाट हुकिङ्ग गर्दै चिया बगानमा सिञ्चाई गर्ने, घरमा बत्ती बाल्ने गरेको प्रमुख साहको भनाइ छ।

कसैले गैरकानूनी रुपमा घर नजिकैबाट खोलासम्म लगेर माछा मार्ने गरेका छन्। यो कार्य निक्कै जोखिम र गर्नै नहुने काम भए पनि धेरैले गर्ने गरेको प्राधिकरणले जनाएको छ। यसरी खोलामा करेन्ट लगाएर माछा मार्ने क्रममा धेरैको ज्यान समेत गएको प्रहरीले जनाएको छ।

प्राधिकरणमा देखिएको बिकृति सुधार्न आफू सक्रियतापूर्वक लागेको उनको भनाइ छ। गतवर्ष समयमा विद्युत् महशुल नबुझाउने १ हजार १ सय ४२ उपभोक्ताको लाइन काटेको र पुनः जडान गरेपछि ३ करोड ६८ लाख ९८ हजार ८ सय ३८ रुपैयाँ विद्युत् महशुल संकलन भएको थियो।

## रुखबाट लडेर मृत्यु

**मोरङ, भदौ ११।** मोरङको बेलवारी नगरपालिका-२का ३२ बर्षीय जीवन श्रेष्ठको रुखबाट लडेर मृत्यु भएको छ।

बुधवार दिउँसो १२ बजे घर नजिकै रहेको सामुदायिक बनमा रुखमा चढेर घाँस काट्ने क्रममा रुखबाट लडेर गम्भीर घाइते भएका श्रेष्ठको नोबेल अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय बेलवारीले जनाएको हो।

## जेलमा ...

र विद्युतीय हाजिरी संयन्त्र जडान भएसँगै कारागारभित्रको सुरक्षा झन् मजबुत हुनेछ- उनी भन्छन्। अदालतबाट मुद्दा फैसला भई कैद सजायँ भोगिरहेकालाई 'कैदी' र अदालतमा मुद्दा चलिरहेका तर, फैसला नभई कारागारमा सजाय काटिरहेकालाई 'बन्दी' भनिन्छ। नेपालमा कारागारको व्यवस्था विस १९७१ देखि भएको हो। नेपालको पहिलो कारागार 'सदरजेल' हालको केन्द्रीय कारागार जगन्नाथ देवल हो।

वि.सं १९७१मा मुलुककै सबैभन्दा पुरानो कारागारको रुपमा स्थापना भएको केन्द्रीय कारागारमा सीसी क्यामेरा जडान र विद्युतीय हाजिरी संयन्त्र जडान भइसकेको छ। विभागले अरु कारागारमा पनि चाँडै नै विद्युतीय हाजिरी संयन्त्र जडान गरिने जनाएको छ। केन्द्रीय कारागारका प्रमुख एवम् जेलर लक्ष्मीप्रसाद बाँस्कोटा केन्द्रीय कारागारमा क्षमताभन्दा ज्यादै धेरै कैदीबन्दी रहेको बताउँछन्। केन्द्रीय कारागारमा हाल नौ नाबालकसहित तीन हजार ११९ कैदीबन्दी रहेका छन्।

## अख्तियारको ...

को निर्णयवाट गठित तदर्थ बजार व्यवस्थापन समितिको जिम्मेवारी थापालाई दिएको थियो। थापाले ६ महिना भित्र बजारको चुनाव गराएर नयाँ समिति गठन गर्नु पर्ने भए पनि सो काम नसकेको र विवादित रुपमा कर्मचारीलाई अवकास दिने तथा प्रक्रिया नपुऱ्याई कर्मचारी भर्ना गरेको भन्दै सात दिनभित्र स्पष्टीकरण पेश गर्न भनेको छ।

बिभागले गत वर्ष माघ २४ गते बजार व्यवस्थापन समिति गठन गर्न भन्दै कृषि विकास फर्म चन्द्रडाँगीका प्रमुख थापालाई तदर्थ समितिको अध्यक्षको अख्तियारी दिएको थियो। विभागले व्यवस्थापन समिति गठन गर्ने भने पनि उनले आफू अनुकूलका कर्मचारी नियुक्त गर्दै तीन जना कर्मचारीलाई भने उमेर हदको कारण देखाउँदै सेवाबाट अवकाश दिने निर्णय गरेका थिए।

विभागका प्रमुख राजेन्द्रप्रसाद मिश्रले पत्राचार गर्दै ६ महिनाभित्रमा बजार व्यवस्थापन समिति गठन गर्न निर्देशन दिएपनि उनले मन्त्रालयको निर्देशन नमानेपछि स्पष्टीकरण सोधेको हो। कृषि बजार विकास तथा व्यवस्थापन निर्देशिका २०७३ को दफा ५ अनुसार नयाँ वजार व्यवस्थापन समिति गठन गर्न पत्राचार भएपनि थापाले कृषि बजार विकास तथा व्यवस्थापन निर्देशिका २०७३ लाई समेत लत्याउँदै आफू खुशी करारमा व्यवस्थापक नेपाल र लेखापाल पौडेललाई नियुक्ति गरेका थिए।

समितिका अध्यक्ष थापाको अध्यक्षतामा गत जेठ २९ गतेको बसेको वैठकले विष्णुबहादुर राई (मुन्ना), सूर्यबहादुर घले र हरिप्रसाद कडरियालाई अवकास दिन निर्णय गरेका थिए। राई कार्यालय सहयोगी हुन् भने कडरिया र घले सुरक्षा गार्ड हुन्। उनीहरुलाई विना सूचना निकाल्ने निर्णय गरिएको भन्दै उनीहरुले आपत्ति जनाएका थिए। उनीहरुले भने आफूहरुलाई विना कारण उमेरको हद देखाउँदै निकाल्ने निर्णय गरेको भन्दै त्यसको विरोध जनाएपछि पूर्वाञ्चल दैनिकले सो विषयमा समेत समाचार प्रकाशन गरेको थियो। कार्यालय सहयोगी राईले भने- २५ देखि ४० वर्षसम्मको मात्रै व्यवस्थापक नियुक्त गर्न पाइन्छ तर, ४८ वर्षीय व्यवस्थापक नियम विपरीत नियुक्त गर्दा हुने हामीले चाहिँ काम गर्दा किन नहुने उनले प्रतिप्रश्न गरेका थिए। बिभागले नै नयाँ बजार व्यवस्थापक नियुक्ति नभएसम्मका लागि कार्यरतमध्ये वरिष्ठतम् कर्मचारीलाई बजारको दैनिक, आर्थिक, एवम् प्रशासनिक कामकाजका निमित्त बजार व्यवस्थापकको हैसियतले कार्य सञ्चालन गर्ने व्यवस्था मिलाउन निर्देशन दिएको थियो। तर, तदर्थ समितिका अध्यक्ष थापा र समितिमा रहेका सदस्य शालिकराम भट्टराई, लक्ष्मीप्रसाद खरेल लगायतले नियम विपरीत कर्मचारी नियुक्ति गरेका थिए।

कृषि उपज ५ किलो वा सोभन्दा बढी खरिद बिक्री गर्ने उद्देश्यले सञ्चालितस्थल नै कृषि थोक बजार हो। जुन बजारमा कृषकबाट उत्पादित कृषि बस्तु कृषक, व्यापारी, उपभोक्ता समेतलाई लाभान्वित हुने गरी विक्री वितरण गरिन्छ। व्यवस्थित तथा प्रतिष्पर्धात्मक बजार प्रणालीको विकास र व्यवस्थापन गर्न आवश्यक ठानेर सरकारले कृषि मन्त्रालयको मातहतमा रहेर देशका विभिन्न ठाउँमा कृषि बजार स्थापना गरेको छ। सरकारको सोही उद्देश्य अनुसार झापाको बिर्तामोडमा पनि २०५३ सालमा कृषिथोक बजार स्थापना भएको हो।

पूर्बकै एक मात्र ठूलो र भारतीय तथा पूर्वी पहाडी क्षेत्रका किसानको प्रमुख थोक बजारका रुपमा चिनिएको यो बजार अहिले उद्देश्य अनुसार सञ्चालन हुन सकेको छैन। ६ वर्ष अघि कृषि बजार व्यवस्थापन समितिका तत्कालीन अध्यक्ष मोहन शिवाकोटीको निधन भए पछि बजार व्यवस्थापन समिति गठन नहुँदा अढाई दशक अघि स्थापना भएको कृषि थोक बजार अस्तव्यस्त छ। बजार सञ्चालनका लागि व्यापारी, किसान, नगरपालिका, कृषि ज्ञान केन्द्रलगायतका पदाधिकारी रहेको बजार व्यवस्थापन समिति गठन गर्नुपर्ने नियम छ। तर, व्यवस्थापन समिति गठन नहुँदा गोदाम घरहरू जीर्ण बन्दै गएका छन्।

दैनिक निस्किने फोहोरमैलाको उचित व्यवस्थापन हुन सकेको छैन। अहिले वर्षात्को समयमा पानीको निकास नहुँदा उपभोक्ता बजारमा गएर किनमेल गर्न सक्ने अवस्था नै छैन। कृषिथोक बजार भनिए पनि परिसरभित्र कृषि बाहेकका पसल थपिने क्रम बढेको छ। कृषि थोक बजारभित्रका सटरहरू बजार दरभन्दा ५ सय गुणा कम दाममा मासिक भाडामा लगाइएका छन्।

कृषि थोक बजारभित्र रहेको कार्यालयका अनुसार बजारमा ३२८ वटा पसल छन्। बजारलाई पाँच सेक्टरमा विभाजन गरिएको छ। फलफूलका ३२, तेलहन दलहनका १९, माछामासुका ६०, खुद्रा सब्जीका १२०, थोक बिक्रेता ८६ र अन्य विविध ११ वटा पसल रहेका छन्।

बिर्तामोडका समाजसेवी खनुपरुदे प्रसाई रामबाबुले चार बिगाह जमिन कृषि उपज बजार समितिलाई निःशुल्क प्रदान गरेपछि कृषि थोक बजार स्थापना भएको हो। हर्कलाल गिरीको अध्यक्षतामा गठित समितिले २०६० सालसम्म निरन्तर काम गऱ्यो। २०६० सालदेखि मोहन शिवाकोटीले पनि तीन कार्यकाल नै अध्यक्षको जिम्मेवारी सम्हालेका थिए। तर, उनको निधनपछि ०६९/०७० यता कृषि बजार व्यवस्थापन समिति नेतृत्वविहीन भएको छ। व्यवस्थापन समिति नेतृत्वविहीन भएसँगै कृषिथोक भित्रका समस्या एकपछि अर्को थपिएका थपियै छन्।

२०५३ सालमा हर्कलाल गिरीको अध्यक्षतामा गठित समितिमा नारायण ढुंगाना, नारायण ओली, जीवन पनेरु, धर्मप्रसाद सुबेदी, दुर्गादेवी शर्मा, टेकेन्द्र शिवाकोटी, अमरदीप भेटवाल र सदस्य सचिवमा सुरजकुमार बिमली रहेका थिए।

## बाखाले ...

व्यवस्थित खोर निर्माण गरेका छन्। जहाँ एक हजारभन्दा बढी बाखा राख्न मिल्ने बताइएको छ।

सहारा नेपालको अग्रसरतामा बाखापालन व्यवसाय शुरु गरेकी गीताले अहिले बाखापालन व्यवसायका लागि एक बिगाह जमिन लिजमा लिएकी छिन्। जहाँ उनले उन्नत जातको घाँस लगाएकी छिन्। उनी भन्छिन्- 'सहाराले काम गर्न सिकायो, अहिले हाम्रा लागि सहारा साँच्चै सहारा बनेको छ।' एक वर्षभित्र एक सय माउ बाखा पाल्ने र जसबाट आफूसहित १० जनालाई रोजगारी दिने उनको भनाइ छ।

यता झापाको अर्जुनधारा नगरपालिका-९ खरवन्दीकी सरस्वती पौडेलको दैनिकी हिजोआज घरधन्दा र मेलापातमा मात्र सीमित छैन। छिमेकमा निमेक गरेर गुजारा चलाउँदै आएकी सरस्वतीको अहिले परिचय नै फेरिएको छ। दुई वर्षबाट बाखापालन व्यवसाय शुरु गरेसँगै उनको परिचय पनि फेरिएको हो।

'जत्ति दुःख गर्दा पनि खानै पुग्दैन थियो'- सरस्वतीले भनिन्-'बाखापालन व्यवसाय शुरु गरेसँगै परिवार धान्न मात्र सहज भएको छैन, छरछिमेकमा आपत पर्दा सहयोग गर्न पनि पाइएको छ।'

'ऋण खान पाइन्छ भन्ने आशमा २०७० साल असोजमा सहारा नेपाल सहकारी संस्थाको नमूना महिला कृषक समूहमा आबद्ध भएँ'- सरस्वतीले भनिन्- 'त्यो समूहको उपसमूह नम्वर १मा आवद्ध भएको दिन मेरा लागि साँच्चै खुशीको दिन थियो, किनकि सहकारीबाट ऋण लिएर मैले पनि केही गर्नुथियो।'

बिगत सम्झिँदै उनले भनिन्- 'घर खर्च चलाउन मुस्किल भएको बेला बनिबुतो नगरी धरै थिएन, म गाउँमा मजदुरी गर्थें भने श्रीमान् केशव पौडेल अरुको पसलमा काम गर्नु हुन्थ्यो। महिना दिन खाईनखाई ड्युटी गयो, महिना मर्दा साहुले आधा महिनाको मात्रै तलब दिन्थे।' 'सहकारीमा आवद्ध भएसँगै सहकारीबाटै लिएको ऋणले कमाउन सिकायो'- सरस्वतीले थपिन्-' श्रीमानले टेम्पो किन्नु भयो- म चाहिँ बाखा पाल्न थालें, अहिले हाम्रो आ-आफ्नै व्यवसाय छ।'

सहकारीबाट ऋण लिएको पैसामध्ये चार हजार ५ सय रुपैयाँका दुई वटा बाखाका पाठी किनेर बाखा पाल्न शुरु गरेकी सरस्वतीको अहिले खोरभरि बाखा छन्। बाखासँगै उनले गाई पनि पालेकी छिन्। जसका कारण अहिले उनको परिवारलाई पहिले जस्तो अहिले के खाउँ भरे के खाउँ भन्ने चिन्ता छैन।

समूहमा आबद्ध महिलाहरुलाई बाखापालन सम्वन्धी दुई दिने तालिम प्रदान गरेपछि सरस्वतीको सोच बाखा पालनमा गयो। सहकारीबाट तीन लाख रुपैयाँ आँट गरेर ऋण लिएँ- उनले भनिन्- बाखा राख्ने खोर बनाउन र मिस्त्रीको ज्याला मात्रै एक लाख रुपैयाँ लाग्यो, बचेको पैसाले आफू बस्ने घर र बाखालाई खानेकुराको बन्दोबस्त मिलाउन छुट्याएँ। जुन आँटका कारण म अहिले यो ठाउँमा छु।'

हुन पनि हो- सरस्वतीको आँट र हिम्मतका कारण अहिले उनको दैनिकी नै फेरिएको छ। 'त्यसको श्रेय सहकारीलाई जान्छ' पौडेलले भनिन्- म जस्तालाई बिश्वास गरेर सहकारीले बिना धितो ऋण नदिएको भए हाम्रो परिवारको हालत उस्तै हुन्थ्यो।' डाँडो र बलौटे जमिनका कारण अन्नबाली खासै उब्जनी हुँदैन, भएको आफ्नो साढे ६ कठ्ठा जमिनमा सबै घास लगाएकी छु- सरस्वतीले भनिन्- 'बाखाको संख्या बढ्दै गएपछि छिमेकीको पाँच कठ्ठा जमिन पनि लिजमा लिएर घाँस नै लगाएकी छु।'

'प्रशस्तै डाले घाँस र अन्न खाएर हुर्किएका बाखा खँदिला हुन्छन्'- सरस्वतीले भनिन्- 'घरको गर्जो टार्ने माध्यम नै अहिले बाखा बनेको छ।'

सरस्वतीले बाखाका लागि सहकारीबाटै उन्नत जातको घाँसको बीऊ पनि प्राप्त गरेकी छिन्। जसका कारण उनको वारिभरि इपिलइपिल, बाज्रा सहितको डालेघाँस, टाँकी, किम्बू, बकाइनो लगाइएको छ।

सरस्वतीका घरमा पालिएका सबै बाखाको बीमा पनि गरिएको छ। जसका कारण सरस्वतीलाई बाखा बिरामी होलान् र मर्लान् भन्ने एकरत्ति चिन्ता छैन। किनकि बिमा गरिएका सबै बाखाको रेखदेखका लागि सहकारीले नै कर्मचारी राखेर निःशुल्क हेरचाह गर्दै आएको छ।

आफ्ना शेयर सदस्यको जीवनस्तरमाथि उठाउन सहकारीले बिना धितो ऋण र पशुपालक कृषकका लागि प्राविधिक समेत निःशुल्क उपलब्ध गराएपछि अर्जुनधारा-९की सरस्वती मात्र होइन नगरपालिकाभित्र झण्डै दुई सयभन्दा बढी महिलाहरुले व्यवसायिक रुपमा बाखा पालन गर्दै आएको सहकारीकी पशु प्राविधिक सृजना आचार्यले बताइन्। उनले भनिन्- 'यो क्षेत्र पशुपालनका लागि उत्तम ठाउँ रहेछ, पहिचान गरेरै यस ठाउँमा बाखा र कुखुरा पालनका लागि सहकारीले योजना अघि बढाएको हो।' 'अहिले यस क्षेत्रका अधिकांश महिला उद्यमी भएका छन्'- आचार्यले भनिन्- 'हिजोसम्म अरुकहाँ मजदुरी गर्ने माहिला अहिले आफैं उद्यमी बनेर घर चलाएका छन्।'

हुन त झापाको अर्जुनधारा नगरपालिकाभित्र व्यवसायिक पशुपालन गर्ने क्रम दिन प्रतिदिन बढ्दोछ। कोही बिदेशबाट फर्किएर पशुपालन गरिरहेका छन् त कोही रोजगारीको अन्य विकल्प नभएर यो पेशामा आवद्ध छन्। सुनेकै भरमा बाखापालन व्यवसाय शुरु गरेकी सरस्वतीको दिन प्रतिदिन बाखापालन व्यवसाय फष्टाउँदै गएपछि उनको सिको गर्नेको संख्या पनि दिनानुदिन बढ्दै गएको छ। पाँच बर्षभित्र बाखापालन व्यवसायबाटै एक करोडभन्दा बढी आन्दानी लिने सोचका साथ उनले अहिले स्थानीयसहित उन्नत जातका बाखा पालन गरिरहेकी छिन्।

सरस्वतीले अहिले समूहमा आबद्ध अरु महिलालाई पनि समूह मै बाखापालन सम्बन्धी तालिम प्रदान गर्दै आएकी छिन्। अर्जुनधारा-९मा अहिले उनकै अग्रसरतामा किसान पाठशाला समेत सञ्चालनमा छ।

## दण्डपाणिको ...

बाच्छीबाट व्यवसायिक पशुपालन शुरु गरेका गौतमको गोठमा अहिले तीसवटा गाई र बाच्छी छन्। जसमध्ये ९ वटा गाईले दूध दिन्छन्। तीनै ९ वटा गाईको दूध बेचेर दैनिक ६ हजार रुपैयाँ आम्दानी गर्दै आएका गौतमले मासिक एक लाख ८० हजार आम्दानी गर्छन्। गाईको हेरचाहका लागि एक जना कर्मचारीको समेत व्यवस्था गरेका गौतमले खर्च कटाएर पनि प्रतिमहिना ८० हजार रुपैयाँ बचत गर्ने गरेको बताए। '९ माऊ गाई दुहुना हुँदा ८० हजार रुपैयाँ प्रतिमहिना चोखो बच्दो रहेछ'- गौतमले भने।

प्रतिक पशुपालक कृषि फर्म दर्ता गराएर गाईपालन व्यवसाय शुरु गरेका गौतमलाई दूध बेच्न होइन माग अनुसारको दूध पुऱ्याउन मुस्किल हुने गरेको कनकाई उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष लीला चिमरियाले बताए। उनले भने- 'उपभोक्ताको माग अनुसार गौतम जीले दूध उत्पादन गर्न सक्नु नै भएको छैन।' उनको फर्मको दूधको माग उच्च छ। गाई थप्यो भने रेखदेख गर्ने कर्मचारी पाइँदैन। मासिक २० हजार रुपैयाँमा पनि काम गर्ने मानिस नपाउँदा पशुपालक कृषक मारमा पर्ने गरेका छन्- चिमरियाले भने।

यता पशुपालन व्यवसाय गर्दै आएका गौतमले बिहान बेलुका गाई फर्ममा दूध लिन आउनेको भीड लाग्ने गरेको बताउँदै भने- कहिले काहिँ त मागे अनुसारको दूध दिन नसक्दा छिमेकी नबोलुँला झैं गर्छन्।

बीस लाख रुपैयाँ लगानी गर्दै खोलेको फर्म अहिले झण्डै ५० लाख भन्दा बढीको भएको छ- गौतमले भने- 'सूर्योदय कृषि फर्मबाट ५० हजार रुपैयाँका दरले ५ वटा बाच्छी किनेर ल्याएको थिएँ, पछि गाउँघरका केही उन्नत जातका बाच्छी किनेर थपेँ तीनै बाच्छी अहिले हुर्किएका छन्। जसले मलाई अहिले सुरुङ्गा क्षेत्रमा सफल गाई पालक कृषकका रुपमा चिनाएको छ।'

चोकरको दाम बढेका कारण गाईपालक कृषकले सोचे अनुसारको दूधको मूल्य पाएका छैनन्- गौतमले भने- मैले गाईपालन व्यवसाय शुरु गर्दा एक हजार ४ सय रुपैयाँ प्रति बोरा चोकर पाइन्थ्यो, अहिले चोकरको मूल्य दुई हजार रुपैयाँ पुगिसक्यो। तर दूधको मूल्य उही छ।

कृषकले गाईलाई खुवाउने दाना घटाएर साईलेस प्रविधिको घाँस प्रयोग गर्न थालेपछि भने केही राहत मिले पनि दूधको मूल्य नबढेसम्म कृषकले सोचे अनुसारको मुनाफा गर्न नसक्ने उनको भनाइ छ।

गौतम सुरुङ्गामा अगुवा गाईपालक कृषकका रुपमा पनि परिचित छन्। उनले गाईपालनकै लागि व्यवस्थित गाईगोठ बनाएका छन् भने सुत्केरी र बिरामी गाई राख्ने गोठ समेत अलग्गै तयार गरेका छन्। जसका कारण पशुपालक कृषक उनकोमा पशुपालन सम्वन्धी जानकारी लिन दिनहुँ आउने गरेका छन्।


## राहदानी हरायो

काँकरभिट्टाबाट बिर्तामोड आउने क्रममा यही मिति २०७६।०४।०१ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ।

**नाम**:- मुनाकुमारी गुरुङ
**ठेगाना**:- टाघनडुब्बा-४, झापा
**राहदानी नं.**:- २४५०५५४

## शिक्षक आवश्यकता

श्री सूर्योदय इङ्लिस एकाडेमी बाह्रदशी-७ डाँगीवारीलाई तपशिल अनुसारका शिक्षक आवश्यकता परेको हुँदा योग्यता पुगेका इच्छुकले तु-सम्पर्क गर्नुहोला।

पद: **अंग्रेजी शिक्षक**
योग्यता: +२ पास गरेको एक जना (महिला)
डिप्लोमा पास गरेको १ जना
तलब: आपसी समझदारीमा तय गरिनेछ।
थप जानकारीका लागि: ९८०४९५३९१०, ९८६३१६८०२८

## कर्मचारी आवश्यकता

१) पञ्चकन्या हुँदै बाल्मीकि, मुक्तिचोक, कृषिथोक, शनिश्चरेरोड, मातामन्दिर, पुष्पलाल चोकसम्म पत्रिका वितरण गर्ने कर्मचारी चाहिएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला। (**तलबः ७०००+ बोनस गरेर १०,०००।-सम्म बचाउन आफ्नै मोटरसाइकल भएको हुनुपर्नेछ।**)

२) लक्ष्मीपुरबाट दुर्गापुर, सिमसार, कालीमुडा हुँदै चम्पापुरसम्म पत्रिका वितरण गर्ने कर्मचारी चाहिएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला। **तलबः ५०००+बोनस् गरेर ८,००० सम्म बचाउने, आफ्नै साइकल भएको हुनुपर्नेछ।**

**मो. ९८०१४०४०००, ९८१६६४१५७६**

## सतासी बहुमुखी सहकारी संस्था लि.

बिर्तामोड-६, झापा
फोन/फ्याक्स नं. : ०२३-५४३७२३, ५४०५८७

## ऋणीलाई कर्जा चुक्ता गर्ने १५ दिने सूचना

**मितिः २०७६।०५।११ गते**

यस संस्थामा तपशिलमा उल्लेखित सदस्य ऋणीहरुले तमसुक अनुसारको तोकिएको समयमा तिर्नु बुझाउनुपर्ने साँवा व्याज आदि नतिरी नबुझाई ऋण सम्बन्धी शर्त उल्लंघन गर्नुभएको तथा मिति २०७६ साउन ६ गते प्रथमपटक सार्वजनिक सूचना प्रकाशन गर्दा समेत ऋण भुक्तानी नगर्नु भएकोले संस्थाको नियम बमोजिम यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्रमा कर्जा चुक्ता गर्न हुनुको लागि दोस्रोपटक सूचना प्रकाशत गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्रमा संस्थामा बुझाउनुपर्ने साँवा व्याज, हर्जना तथा अन्य दस्तुर आदि भुक्तानी नभएमा संस्थाको नियम अनुसार थप कार्वाही प्रक्रिया गरिनेछ।

| क्र.सं. | ऋणीको नाम | ठेगाना | बाबुको नाम | हजुरबुवा/श्रीमानको नाम |
|---|---|---|---|---|
| क | लोकेन्द्र पाण्डे | बिर्तामोड-१० लेकनोनी | तेजप्रसाद पाण्डे | श्रीमती- अनिता पाण्डे |
| ख | कमलादेवी राउत | बिर्तामोड-७, जगत टोल | रामचन्द्र थापा | श्रीमान- रणबहादुर राउत |
| ग | शान्ता पराजुली | मेचीनगर-१०, नवजागरुप टोल | धर्मानन्द सुवेदी | श्रीमान- सूर्यप्रसाद सुवेदी |

**सन्तोषकुमार श्रेष्ठः प्रबन्धक**

## होटल तालिममा भर्ना खुल्यो

सिप सिकौं.....आत्मनिर्भर बनौं। तीन महिने होटल तालिममा भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं।

तालिम- वारटेन्डर, वेटर, फ्रन्ट अफिस, कुक

नोटः यहाँ कुनै पनि कार्यक्रम गर्नको लागि हल तथा क्याटरिङको पनि सुविधा छ।




**हाम्रा विशेषताहरु :**
१) शतप्रतिशत प्राक्टिकल गराइने।
२) दक्ष नहुञ्जेल तालिम दिइरहने।
३) दक्ष सेफद्वारा तालिम दिइने।
४) विदेश जानेहरुका लागि स्पेशन कोर्ष गराइने।
५) तालिम पछि अन्तर्राष्ट्रिय प्रमाणपत्र दिइने।
६) तालिम पछि रोजगारको अवसर दिइने।

सिट सिमित छ। आजै सम्पर्क गर्नुहोला।

**होटल मुन टावर इन**

शनिश्चरे रोड, बिर्तामोड (झापा) फोनः ०२३- ५४१७१५, ९८०४९०३०९५

## कर्मचारी तु-आवश्यकता

यस मेघा डिपार्टमेन्ट स्टोरलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।

**पदः सेल्स गर्ल-** २ जना (महिला) योग्यताः +२ वा सो सरह
आवश्यक कागजातः नागरिकताको फोटोकपी, १ प्रति फोटो र सीभी
तलबः आपसी समझदारीमा

सम्पर्कः **मेघा डिपार्टमेन्ट स्टर**
मेघा कम्प्लेक्स, दोस्रो तला, बिर्तामोड, झापा
फोन नं. ०२३-५४६६७८, ९८०८३५६२१७

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## कानूनको पालना स्वयम्ले गर्ने कि !

**बालबालिका काँचो माटो हुन्- भनिन्छ । उनीहरुलाई जस्तो बनाउन खोज्यो त्यस्तै बनिन्छन् । एकपटक बनिएपछि फेरि अर्को रुपमा परिवर्तन गर्न सकिँदैन भन्ने मान्यताले यसो भनिएको हुनसक्छ । अझ बालबालिकाका भोलिका आशा र भरोसा हुन् त्यही कारण पनि उनीहरुको नैसर्गिक अधिकार कहीँकतैबाट कुण्ठित हुनु हुँदैन । त्यसमा पनि खान, पढ्न र खेल्न पाउनु जन्मसिद्ध अधिकार हो उनीहरुको । यो अधिकारको रक्षा गर्नु राज्यको प्रमुख दायित्व हो भने राज्य सञ्चालक अर्थात् सरकारमा रहेका व्यक्तिहरु यसका लागि जिम्मेवार हुन्छन् । त्यसैले सरकारले बालबालिकाको अधिकार रक्षाका लागि नीति–निर्माणदेखि कार्यान्वयनसम्ममा संवेदनशील अग्रसरता देखाउनुपर्छ ।**

**बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ७ को उपदफा ८ ले बालबालिकाको पढ्न पाउने अधिकारको रक्षा गरेको छ । त्यसअनुसार विद्यालय जबर्जस्ती बन्द गराउने व्यक्ति, संस्था वा दललाई आर्थिक दण्ड गर्ने व्यवस्था छ । सो ऐनमा कसैले सशस्त्र द्वन्द्व वा जस्तोसुकै प्रतिकूल अवस्थामा कुनै पनि प्रयोग हुने विद्यालय लगायत स्थान, सेवा वा सुविधालाई आक्रमण वा सोको सञ्चालन एवम् व्यवस्थापनमा अवरोध गर्न वा गराउन हुँदैन भन्ने उल्लेख छ । वि.सं. २०६३ मंसीर ५ को विस्तृत शान्ति सम्झौतापछि सरकारले २०६८ जेठ ११ गते मन्त्रीपरिषद्बाट विदालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका जारी गर्‍यो । तर, निर्देशिका देखाउने दाँत मात्र भयो अर्थात् कतिपय राजनीतिक स्वार्थ र आग्रहका कारण निर्देशिका कागजमै सिमित रह्यो ।**

**त्यही निर्देशिकालाई कार्यान्वयनको तहमा लैजान विज्ञ समूह बनाएर संशोधनको मस्यौदा तयार गरियो । तर, त्यसले विद्यमान चुनौतिको सामना गर्न सकेन । यसको कारण भनेकै राजनीतिक अवस्था हो भने हुन्छ । किनकि विगतमा सरकारको कामकारवाहीको विरोध वा प्रतिवाद गर्ने प्रभावकारी माध्यम भनेकै बन्द वा हड्ताल भएको प्रमाणित भइसकेको छ । सभ्य, शिष्ट, शालिन तथा भद्रतापूर्ण आन्दोलनले जिम्मेवार व्यक्ति वा संस्थालाई कुनै असर गर्दैन । त्यसैले आफ्ना माग राख्न, सुनाउन, देखाउन वा पूरा गराउन ध्वंसमै उत्रिनु परेको दलहरुको विश्लेषण छ । सरकारा स्थायी हुन्छ, तर व्यक्ति परिवर्तनशील । अझ दलहरु दलीय स्थार्थबाट परिचालित हुन्छन् । त्यहीकारण स्वार्थको चौघेराबाट उनीहरु मुक्त हुनै सक्दैनन् । त्यहीकारण आफूले बनाएको ऐन आफू सत्ताबाट बहिर्गमन हुनासाथ अनुपयुक्त, असान्दर्भिक र अर्थहीन हुन पुग्छ ।**

**सरकारमा बस्ने सबै विषय विज्ञ हुन्छन् भन्ने छैन । नयाँ ऐन, कानून वा निर्देशिका निर्माण वा संशोधन गर्न विज्ञ व्यक्ति र समूह चाहिन्छ । हामीकहाँ अधिकांश वाद, विचार वा दर्शन कमजोर डोरीले बाँधिएका छन् । जसका कारण बनाइएका ऐन, कानून वा निर्देशिका सर्वग्राह्य हुँदैन । परिणाम लागू गरिएको ऐन कानूनको उल्लंघन भइरहन्छ । त्यसमा पनि माओवादी सशस्त्र द्वन्द्वले निर्माण गरेको नजिरले बालबालिका, विद्यालय लगायत कुनै पनि सार्वजनिक संघ–संस्था प्रभावित छन् । आफैद्वारा कानून उल्लंघन गर्ने मानसिकता र व्यवहार भएको देशमा अरुलाई कानूनमा बस भन्नु नै हाँस उठ्दो लाग्छ । त्यहीकारण जबसम्म स्वतन्त्र, निष्पक्ष र विज्ञ समूहले स्वायत्त ढंगले ऐनको निर्माण, कार्यान्वयन र अनुगमनको काम गर्दैन तबसम्म अपेक्षा गरेको फल पाइने छैन । केवल सैद्धान्तिक सहमतिले न बालबालिकाको अधिकारको रक्षा हुन सक्छ न त अरुलाई नैतिक बन्देज लगाउन सकिन्छ ।**

# दुनियाँ बदल्ने जिम्मेवारी र आन्दोलनमा देखिएको आत्मसुरक्षावाद



सुमनसिंह पौडेल

हामीले विश्वको अनिवार्य सत्य अर्थात् वैज्ञानिक समाजवाद, साम्यवादसम्मको यात्रा तय गरिसकेका छौं । वर्ग संघर्षको निरपेक्ष प्रक्रियामा सचेततापूर्वक क्रान्तिकारी पहलकदमी लिनु हाम्रो मुख्य काम हो । यसो हुँदा मात्र लिइएको रणनितिक लक्ष्य चुम्न हामी सफल हुन्छौं । क्रान्ति कुनै खेल वा रोमान्स होइन, यहाँ भित्र धेरै ठूलो जिम्मेवारी रहेको छ । क्रान्ति गर्नु भनेको वर्तमान विश्वमा शोषणको साम्राज्य चलाइरहेकाहरुको सबै संयन्त्र, प्रबिधि, सैन्यशक्ति आदि सबै शक्तीलाई परास्त गर्दै त्यसमा श्रमशीलहरुद्वारा नियन्त्रण कायम गर्नु हो र वैज्ञानिक समाजवादी साम्यवादी समाजको निर्माण गरेर अगाडि बढ्नु हो । त्यसैले हामीले यो बुझ्न आवश्यक छ कि क्रान्तिको प्रक्रिया श्रमशील वर्गद्वारा शोषक वर्गविरुद्ध हतियारबद्ध, सुंसगठित स्वरुपमा बल प्रयोगकै विधि मार्फत हमला गरेर जित्ने र सत्ता लिने प्रक्रिया हो । त्यसो हुँदा यो घीऊ र भात खाए जस्तो सजिलो भने पक्कै छैन ।

यतिबेला संसारमा दलाल पूँजीवाद र विश्वका ९७ % आम जनताबीचको अन्तरविरोधले पैदा गरेको नयाँ र अनिवार्य सम्भावनाको आधारमा विश्वभर क्रान्तिकारी पहल भइरहेका छन् । भाकपा माओवादी निरन्तर संघर्षमा छ जो इण्डियन निगम पूँजीवादले निम्त्याएको सामाजिक संकटको कारण पैदा भएको समाजवादी, साम्यवादी सत्ताको सम्भावनालाई सार्थक बनाउन बलिदानीपूर्वक युद्ध लडिरहेको छ । विश्वका अन्य दर्जनौं देशहरुमा मालेमावादी विचार र दृष्टिकोणका आधारमा निगम पूँजीवादी संकटको हलका निम्ति आन्दोलनका प्रयत्नहरु भइरहेका छन् । उत्तरसाम्राज्यवादी अमेरिकाभित्रै पनि वैज्ञानिक समाजवादी/साम्यवादी आन्दोलनको आवश्यकताको बिषयमा बहस तीव्र बन्दै गएको छ । युरोपका दर्जनौं देशहरुमा बहस र आन्दोलनहरु उठिरहेका छन् । विश्वभर उत्पन्न घटनाक्रमहरुले के तथ्यलाई सावित गर्दै लगेको छ भने निगम पूँजीवादी शक्तिकेन्द्रहरु विरुद्ध विश्वभरीका जनताहरु असन्तुष्ट छन्, आन्दोलित हुँदै गइरहेका छन् र यो ध्रुवीरणतर्फ गइरहेको छ ।

उत्तर कोरिया र अमेरिकी तनाव, चीन र अमेरिका बीचको व्यापार युद्ध, भेनेजुएलामा देखिएको हस्तक्षेप र त्यसले पैदा गरेको ध्रुवीकरण, इरान माथि अमेरिकी सैन्य हस्तक्षेप, मध्यपूर्वी राष्ट्रहरुमा अमेरिकाले लादेको भयानक युद्धले अन्तरविरोध चर्काएको छ । र, ती अन्तरविरोधहरु प्रष्ट सतहमा आउन पुगेको छ । यी सबै घटनाक्रमहरुले सिंगो बिश्वलाई नै ध्रुविकृत गरेको छ । यो ध्रुविकरण निगम पूँजीवाद (जसको नेतृत्व अमेरिकाले गरेको छ) र, त्यसले लादेको शोषण हस्तक्षेपको कट्टर बिरोध गरीरहेका अन्य राष्ट्रहरुका बीचमा छ । अमेरिकाले निगम पूँजीवादको नेतृत्व गरेको छ भने चीन, रुस, उत्तर कोरिया, भेनेजुयला र मध्यपूर्वी देशहरु त्यसको विपक्षमा उभिने स्थिति बनेको छ ।

तथापि समस्या कहाँ छ भने विपक्षमा उभिने राष्ट्रहरुमा तात्कालिक संकट थेग्ने, तत्काल प्रतिरोध गर्ने त्यसको विरोधमा धारणा सार्वजनिक गर्ने मात्र काम भएको पाइएको छ । महाशक्ति भनिएका चीन, रुस, उत्तरकोरिया क्रान्तिकारी पहल मार्फत अहिलेको अवस्थामा आइपुगेका राष्ट्र भए पनि मार्कसवादको ब्याख्या र प्रयोग, विश्व अन्तरविरोधको सही पहिचान र त्यसको मार्क्सवादी दृष्टिकोणबाट समाधान, दलाल पूँजीवादको अन्त्यपछि स्थापना हुने वैज्ञानिक समाजवाद र साम्यवादी दुनियाँको बिषय, बिश्वभरिका जनताहरुको बीचमा पैदा भएको चरम अभाव र त्यसले माग गरिरहेको विकल्प, विश्वभरीका जनता र राष्ट्रहरुमाथि लादिएको साम्राज्यवादी कर्पोरेट शोषण यस्ता बिहङ्गम बिषयमा यी ठूला शक्तिशाली राष्ट्रहरुले बहस गर्न भने सकेको पाइन्न ।

त्यसो त पूँजीवादी कोणबाट मार्क्सबाद सर्वसत्तावादी छ यसमा लोकतान्त्रिक मान्यता छैन भन्ने ढंगबाट कयौं रचनाहरु गरिए । ग्राबिया ए. अल्माण्ड, हन्ना आर्न्ट, फर्नान्डो केभडिन, फिलिप सेलजेनिक, जेकब ताइमन, जोशेफ सुम्पटर लगायतले मार्कसबादको आलोचना गरे । यसको निरन्तरता फ्रान्सिस फुकुयामाको The end of history and the last man -1992 सम्म दोहोरिरहे । १९५० पछि अफ्रिका र एसियाली मुलुकहरुमा मार्क्सवाद उपनिबेसबिरुद्धको संघर्षको रुपमा प्रस्तुत भयो । भियतनाम, अङ्गोला, मोजाम्बिक यसका उदाहरण हुन । २०औं शताब्दीतिर आइपुग्दा मार्क्सबादको विश्वब्यापी प्रभाव कमजोर बन्दै गयो । सोभियत संघको बिगटन भयो । चीनको समाजवाद पनि पूँजीवादमै गएर टुङ्गियो । अन्ततः समाजवादी सत्ताहरु पूँजीवादमा गएर पतन हुन पुगे । यद्यपि यतीबेला विश्व परिस्थितिमा ठूलो बदलाव आएको छ । आज पूँजीवादी उत्पादन सम्बन्धको ठाउँमा दलाल निगम पूँजीवाद (जसले पूँजीवादी उत्पादन सम्बन्धलाई समेत शोषण गरिरहेको छ) हाबी भएर आएको छ । परिवेश यस्तो बन्दै गएको छ कि पर्यावरणीय संकटको समाधानको निम्ती पूँजीवादको अन्त्य गरेर दुनियाँलाई नयाँ ठाउँमा लैजाने समाजवाद-साम्यवादमा जान आवश्यक छ भन्ने निष्कर्षमा विश्वभरीका विज्ञ बुद्धिजीवीहरु पुग्दै गएको पाइन्छ । तसर्थ, आजको बिश्वमा फेरि मार्क्सबाद माथि गहन अध्ययन शुरु भएको छ यो सुखद् छ । यद्यपि मार्क्सवादको कार्यान्वयनको पाटोमा निरन्तर लागिरहेका हामी मालेमाबादीहरुले व्यवहारमा परिक्षित भइरहने र निरन्तर लागीरहने कुरा नै मुख्य छ र हुन्छ ।

यसरी हेर्दा के विश्वमा विचार बिकासको सन्दर्भमा संकट परेकै हो त ? स्टेफन हकिङ्सले भने जस्तै समाज विज्ञान मर्दै गएको हो त ? मार्क्सले भनेको जस्तै दुनियाँ बुझेर पनि बदल्ने बिचार र पहलबाट विश्व समुदाय बिमुख हुँदै गएकै हो त ? यी गहन प्रश्नहरु अनुत्तरित बनिरहेका छन् । यसको सही जवाफ मार्क्सवादी दृष्टिकोण, यसको प्रयोग र त्यहाँबाट पैदा हुने बिधि र बिचारको सम्मुख छ अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन । यद्यपि बिचार बिकासको यो खडेरीमा नेपाल जस्तो मुलुकबाट विश्वको संकट हल गर्न सकिने बिचार र बिधिको बिकास हुन खोज्नु, यसको परीक्षण हुँदै जानु सँगै यसले उद्घाटित गरेका तथ्यहरु एकपछि अर्को गर्दै पुष्टि हुँदै जानु सुखद् छ । जो नेपालमा एकीकृत जनक्रान्तिको नाममा परिक्षित भइरहेको छ ।

विश्वमा रहेको करिब आठ अर्ब जनसंख्या तीव्र वृद्धिको क्रममा छ । यो जनसंख्यालाई निकट भविष्यमै बसोबास, खाद्यान्न, पानि, इन्धन पर्यावरणका क्षेत्रमा गम्भीर संकट उत्पन्न हुनेछ । जसकारण यो विश्वलाई एउटै राष्ट्रमा बदल्दै शोषणरहित, विभेदरहित राज्यको निर्माण गर्दै विश्वभरिका जनताहरुलाई राख्नुपर्ने आवश्यकता नजिक हुँदै गएको बिज्ञहरुको बुझाइ रहन थालेको छ । स्टेफन हकीङ्गसले त विश्वव्यापी सरकारको आवश्यकता नै औंल्याए । कार्लमार्क्सले समाज बिकासको बिज्ञानमा त्यसका चरणहरु बताउँदै उहाँले पूँजीवादलाई निषेध गर्दै समाजवाद स्थापना हुने र त्यही समाजवाद नै साम्यवादको ढोका भएकाले त्यसपछि दुनियाँ साम्यवादमा प्रवेश गर्ने छ भन्नुभयो । मार्क्सले भन्नुभएका बिषयहरु समाज बिज्ञानमा एकपछि अर्को गर्दै पुष्टी हुँदै गइरहेका छन् । साच्चिकै शोषणरहित समाज, जातविहीन, वर्गविहीन, धर्म विहीन, राष्ट्रविहीन अवस्थामा मानिसहरु सुखी सम्पन्न र खुशीले जीवन बिताउने सुन्दर व्यवस्थाको उहाँले कल्पना गर्नुभयो । आजको मितिमा तथ्यहरुले पनि यी कुराहरुलाई पुष्टि गर्दै लगेको छ । र यो विश्वको अनिवार्य आवश्यकता बनेको छ ।



आजको विश्वमा विद्यमान पूँजीवादी संकटको एकमात्र हल वैज्ञानिक समाजवाद हुनसक्छ । विश्वका महाशक्ति राष्ट्रहरुसँग रहेको पूँजीवादी उत्पादन सम्बन्ध र त्यसबीचमा पैदा भएको ध्रुविकरण र विभिन्न स्वरुपका जारी युद्धहरु विश्वको उपयुक्त व्यवस्थापनका विधि हुन सक्दैनन् । त्यसैले त्यहाँ बिचार बिकासको अभाव भइरहँदा नेपालमा परीक्षणको क्रममा रहेको एकीकृत जनक्रान्ति र यसले ब्याख्या गरेका हरेक पक्षहरुको सफलताले बिश्वमै नयाँ हलचल पैदा गर्नेछ । विश्वलाई नै यसले बिचार समृद्धिको निम्ति बहसमा तान्नेछ । र दुनियाँलाई नयाँ ठाउँमा लान नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ । यसरी विश्वमा पैदा भएको बिचार बिकासको अभाव र चीन, रुस जस्ता राष्ट्रहरुमा समाजवादी क्रान्तिमाथि भएको प्रतिक्रान्ती र त्यसले निम्त्याएको वैचारिक सन्नाटाको विश्व आकाशमा नेपालबाट उदाएको क्रान्तिको चम्किलो ताराले विश्वलाई वास्तविक तथ्यहरुको नजिक मात्र लाने छैन । यसले कम्युनिष्ट विश्वदृष्टिकोणको तथ्यहरुलाई थप मजबुद बनाउने छ र बिश्वका ९७ प्रतिशत जनतालाई आकर्शित गर्नेछ । हामीले एकीकृत जनक्रान्तीको कार्यदिशा र हाम्रो आन्दोलनलाई त्यो उचाईबाट हेर्न आवश्यक छ ।

यी माथि चर्चा गरिएका बिषयहरुको भावको आधारमा पंक्तिकार के भन्न खोजिरहेको छ भने बिश्वमा पैदा भएको पूँजीवादी संकटको समाधान दिन सक्ने मालेमावादी बिचार, दृष्टिकोण, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको अनुभव र नेपाली क्रान्तिले सिकाएको पाठको बिचैबिच हुर्किएको एकीकृत जनक्रान्तिलाई अगाडि बढाउने जिम्मेवारी र दायित्व सामान्य छैन । र यसलाई कम आँक्नु बुद्धिमानी हुन्न । यो हाम्रो निम्ति गौरबको बिषय हो । बिश्व पूँजीवादको दबदबा नेपालमा उल्लेख्य मात्रामा छ । त्यसो हुँदा त्यो सँग भएका त्यसका सबै अङ्ग प्रत्यङ्ग र संयन्त्रहरुसँग लड्नु अनिवार्य कर्तव्य हो र त्यो बाट कोही भाग्नु हुन्न । त्यसका विरुद्ध जमेर डटेर लड्नु पर्दछ । यतिबेला क्रान्तिको प्रक्रिया चलेको छ यसमा क्रान्तिकारीहरुले धर्मराउनु हुन्न ।

मार्क्सले एउटा सन्दर्भमा भन्नुभएको छ- 'क्रान्तिको बिकास बनाएको बाटोबाट हुन्न, यसको बिकास यसले खुद बाटो बनाएर अघि बढ्दा मात्र सम्भव छ ।' क्रान्ति सरल रेखाबाट होइन यो बक्र रेखा भएर गुज्रन्छ । क्रान्ति कठिन प्रक्रिया हो, यहाँ दमन जेल नेल, हत्या सबै पचाएर दुश्मनबिरुद्ध निरन्तर लडिरहनु पर्दछ । क्रान्ति काँडै काँडामा टेकेर हिँड्नु पनि हो, क्रान्ति खुकुरीको धारमा खुट्टा राखेर हिँड्नु पनि हो । क्रान्ति निर्मम हुन्छ, कठोर हुन्छ यो प्रक्रिया कठिन अवस्थाबाट गुज्रन्छ । किनकि यो संसदीय सत्ता खोसेर श्रमशील जनताहरुले आफ्नो नियन्त्रणमा लिने प्रक्रिया पनि हो । क्रान्तिमा बलिदानलाई सहर्ष स्वीकार गरिन्छ । हरेक क्रान्तिकारीहरु मृत्युलाई जितेर मृत्यु पत्रमा हस्ताक्षर गरेर हिँडिरहेका हुन्छन् । आफैलाई पड्काउन सक्ने आफ्नै टाउकोमा राँको सल्काउन सक्ने दृढता क्रान्तिकारीसँग हुन्छ । क्रान्तिकारीले बिश्वभरका प्रतिक्रियावादीहरुसँग जुध्नुपर्ने हुन्छ । यी सबै बिषयहरु बुझेर हो या नबुझेर ? क्रान्तिकारी रोमान्टिजम हो या अन्य केही ? दृष्टिकोणमा समस्या भएर हो या अन्य केही ? पार्टीका केही नेता कार्यकर्तामा एक प्रकारको आत्मसुरक्षावाद देखिन थालेको छ । सम्भवतः यो दुश्मनको दमनले निम्त्याउने सम्भावित कष्ट सम्झिएर डर सिवाय केही होइन । यो के हो ? छलफल र समीक्षा आवश्यक भएको छ :

**१. दृष्टिकोणमा समस्याः**

ऐतिहासिक भौतिकवाद समाज बिकासका सामन्य नियमहरुको बिज्ञान हो । यो समाजलाई भौतिकबादी ढंगले हेर्ने, बुझ्ने, ब्याख्या गर्ने र बदल्नको निम्ति निर्देशित गर्ने मालेमाबादी विश्व दृष्टिकोण हो । यही मुख्य दृष्टिकोणबाट बिमुख भयौं भने हामीले समाजलाई ठीक तरिकाले बुझ्न सक्दैनौं, ब्याख्या सही तरिकाले गर्न सक्दैनौं र बदल्न सकिन्छ भन्ने कल्पना गर्न सक्दैनौं । हाम्रो पार्टीभित्र बसेर पार्टी छोडेर हिँड्नेहरुमा यही समस्या देखिन्छ । उनीहरु दुनियाँलाई थोरबहुत बुझ्ने स्थितिमा थिए, ब्याख्या सही ढंगले गर्ने अवस्थामा थिएनन् र बल प्रयोगबाटै दुनियाँ बदल्न सकिन्छ भन्ने मान्यताबाट च्युत हुँदै बदल्ने कल्पनासम्म गर्ने अवस्थामा खुट्टा कमाउन पुगे । मुख्य दृष्टिकोण प्रति भरोसा, लगाब, दृढ बिश्वास चाहिन्छ यसको स्थानमा के हो ? हुन्छ कि हुन्न ? जस्ता धरमर धारणा र स्वःमान्यता तयार गरेर क्रान्तिबाट भाग्नु आत्मसुरक्षावाद हो । दुनियाँलाई बुझ्ने, बदल्ने बदलेको दुनियाँको रक्षा र बिकास गर्ने हाम्रो दायित्वलाई दह्रोसँग बुझ्न नसक्दा बिचलनका समस्याहरु आउँछन् ती आइरहेका छन् । यो स्थिति अझ आउनेवाला छ र यो आउनु पर्छ । जनताले सही, इमान्दार नेता वर्ग संघर्षको कठिन प्रक्रियाबाटै प्राप्त गर्नुपर्छ ।

**२. निम्न पूँजीवादी अधैर्यताः**

एकातिर पूँजीवादीहरुसँग संघर्ष गर्नुपर्ने अर्कोतर्फ आफ्नो निजी सम्पत्ति बढाउने चाहना पनि रहने बिरोधाभाषपूर्ण चरित्र निम्न पूँजीवादसँग रहेको हुन्छ । यसै कारण निम्न पूँजीवादीहरु अधैर्य हुन्छन् । निम्न पूँजीवादी चिन्तन र चरित्र भएकाहरु पूँजीवादसँग संघर्ष गर्नुपर्ने भएकै कारण उनीहरु कम्युनिष्ट पार्टीमा सामेल हुन आई पुग्छन् । ब्यक्तिवादी जीवन, सामुहिक अनुशासन पालना गर्न नसक्ने जीवन व्यवहार, मालेमावादी सिद्धान्तलाई सही तरिकाले बुझ्न नसक्ने अवस्था, जनताको चेतना अभिबृद्धी गर्दै क्रान्तिकारी लाइनमा ल्याउनेभन्दा कसरी छिटो नेता बन्न सकिन्छ, कसरी ब्यक्तिगत सम्पत्ति जोड्न सकिन्छ भन्ने ध्याउन्नमा हुन्छन् र उनीहरु उग्र क्रान्तिकारीता देखाउन पुग्छन् । परिणामतः उग्र बामपन्थी भड्काव या दक्षिणपन्थी संशोधनवाद अन्ततः आत्म समर्पणवादमा पुग्छन् । र, अनेकौं निहुँ बनाएर पार्टीबाट भाग्ने गर्छन् । निम्न पूँजीवादी चिन्तनले ग्रसित मस्तिष्कहरु, पात्रहरु र त्यहाँबाट स्थापित हुँदै गएको प्रवृत्ति खासमा आत्मसुरक्षावाद हो । यही प्रवृत्ति आज सल्बलाइरहेको छ, सम्पत्तिको भोक, लालच र ब्यक्तिवादले आत्मसुरक्षाको अवस्थामा पुर्‍याएकाहरु क्रान्तिका निम्ति घातक हुन्छन् । यसको सही पहिचान गरेर यस्तो प्रवृत्तिलाई सबै कमिटीहरुमा टाउको उठाउन दिनुहुन्न ।

**३. उच्च महत्वकांक्षा :**

कुनै खास बिषयलाई महत्व दिएर सो प्राप्तिको आकांक्षा राख्नु महत्वकांक्षा हो । मानिसमा महत्वकांक्षा हुन जरुरी छ । महत्वकांक्षा कुनै विशेष खास उद्देश्य प्राप्तिका निम्ति अनिवार्य छ । तर उच्च महत्वकांक्षा हुनु सही होइन । असम्भव भन्ने त केही हुन्न, तर सम्भव साबित हुने क्षेत्रहरूमा पनि आकांक्षालाई बढवा दिएर तुरुन्त आफूलाई त्यहाँ समाबिष्ट गर्नुले मूल उद्देश्यलाई घाटा पुर्‍याउँछ । जस्तै संगठनमा आफूलाई छिट्टै माथि पुर्‍याउन खोज्नु, छिट्टै अधिक लाभ लिन खोज्नु उच्च महत्वकांक्षा हो । यसले संगठनको पुरानो र नयाँ पक्षलाई निषेध गर्छ । पुरानो पक्ष इतिहास हो, यसले इतिहासको सम्मान पनि गर्न सक्दैन र नयाँ पक्ष वर्तमान हो जसलाई उत्साहित पनि गर्न सक्दैन । उच्च महत्वकांक्षी ब्यक्तिमा आत्मकेन्द्रीत ब्यक्तिवादले घर गरेको हुन्छ यो निम्न पूँजीवादी प्रवृत्तिकै अर्को रुप हो । यसले ब्यक्तिलाई बिसर्जनतिर लान मद्दत गरेको हुन्छ । छिट्टै नेता बन्नु पर्‍यो, छिट्टै माथि पुग्नु पर्‍यो, पार्टीको केन्द्रीय सदस्य, पोलिटब्युरो सदस्य भइहाल्नु पर्‍यो जस्ता असन्तोकी मानसिकता यो प्रवृत्तिसँग रहेको हुन्छ । र, त्यसो हुन नसक्दा पार्टी परित्याग गर्ने, अर्को पार्टी चहार्न पुग्ने, आन्दोलनबाट भाग्ने जस्ता बिचलन देखिन पुग्छ । त्यसैले उच्च महत्वकांक्षाले पार्टी र आन्दोलनलाई फाइदा होइन यसले क्षयिकरण गर्दै लाने हुन्छ । त्यसकारण यो प्रवृत्ति आन्दोलनको बिरोधी प्रवृत्ति हो । यस्ता प्रवृत्तिको उचित पहिचान गर्दै यसलाई मौलाउन नदिनु आवश्यक छ ।

**४. भयवादः**

भय भन्नाले डर र वाद भन्नाले बिचार भनेर बुझिन्छ । यसको अर्थ भय सम्बन्धीको बिचार । भयवादले डसँगको बिचार लिएर आएको हुन्छ । जब भयवादको आँखाबाट जीवन र जगतलाई हेर्न थालिन्छ तब जताजतै डर छाउन थाल्छ । यसले मार्क्सबादलाई समेत भयमय देख्न पुग्छ । भयका धेरै श्रोतहरु छन् ती मध्य लोभ, युद्ध पनि पर्दछन् । जब मानिसमा लालच बढ्न थाल्छ, त्यहाँ स्वतः भय अर्थात् डरले प्रवेश पाउँछ । त्यस्तै युद्ध, चाहे त्यो न्यायका लागि गरिने युद्ध होस् या अन्यायपूर्ण युद्ध त्यहाँबाट पनि भय प्रवेश गर्दछ । यसरी हेर्दा आत्मसुरक्षावादको अर्को कारण भय अर्थात् डर पनि हो भन्न सकिन्छ । आत्मसुरक्षावाद भनेको आफूलाई सुरक्षित गर्ने बिचार हो । जब मानिसमा डर, भय, त्रास पैदा हुन्छ त्यहाँ स्वतः आफ्नो सुरक्षाको बारेमा सोच्ने अवस्था बन्छ । यो अझ ब्यक्तिकेन्द्रीत आत्मसुरक्षाबादको रुपमा अभिब्यक्त हुन पुग्दछ । यसले मानिसलाई बिचलित गराउँदछ अन्ततः मुख्य दृष्टिकोणबाट बिमुख गराउँदै खुट्टा कमाउने अवस्थामा पुर्‍याउँदछ र मान्छे आन्दोलनबाट भाग्न पुग्छ ।

**निष्कर्षः**

हामी संघर्षमा छौं । कुनै पनि मूल्य चुकाएर दुश्मनका सबै संयन्त्रमाथि बिजय पाउँदै बैज्ञानिक समाजबादी सत्ता स्थापना गर्नु हाम्रो मुख्य कार्यभार हो । हाम्रा दुई प्रमुख जिम्मेवारी दुनियाँलाई बुझ्ने र बदल्ने हुन् साथै त्यसको बिकास र रक्षा गर्नेमा पनि हामी सचेत हुनुपर्छ । हामी सोही बिश्व दृष्टिकोणको आधारमा आफूलाई उभ्याउँदै आइरहेका छौं । यतिबेलाको राष्ट्रिय आवश्यकता पनि यही हो कि सानातिना, झिनामसिना लालच, लोभमा नफँसी राष्ट्र र जनताको अधिकार र मुक्त जीवनको निम्ति संघर्षमा जमेर लाग्नु । हजारौं शहीदहरुको रगतबाट उठेको सपना, आम उत्पीडित जनताहरुको चाहना र सपनाको बीचबाट पैदा भएको हाम्रो आन्दोलन र हामीले लिएको कार्यदीशा नेपालको लागि मात्र होइन यसले बिश्वभरका जनतालाई नयाँ ठाउँमा लान मद्दत गर्नेछ । हामीले त्यो जिम्मेवारी उठाइरहेका छौं, हामीसँग दुनियाँलाई बदल्ने जिम्मेवारी छ । अर्थात् हाम्रो आन्दोलन स्वयम्मा एउटा विशाल जिम्मेवारी हो जसले बिश्वमा पैदा भएको बिचार संकटको घेरालाई तोडेर दुनियाँलाई बैज्ञानिक समाजवाद साम्यवादको निम्ति अपिल गर्नेछ ।

अर्कोतर्फ आन्दोलनमा सहभागी भएका धेरै पात्रहरु भटाभट आन्दोलन छोडेर हिँडिरहेका छन् । फेरि क्रान्तिको भिषण प्रक्रियामा यो हुँदैन भन्ने होइन यो स्वभाविक हुन्छ । मोहन बैद्य किरणले एउटा सन्दर्भमा भन्नुभएको छ 'संघर्षको चरणमा अवसरवादीहरु मुसा झैं दुला पस्छन् र जब-जब क्रान्तिले उचाइ हासिल गर्छ, सहज हुँदै जान्छ सबैभन्दा अगाडि फेरि तिनै दुला छिरेका मुसा जस्ता अवशरवादीहरु आइपुग्छन् ।' क्रान्तिको प्रक्रिया सहज छैन, यो घीऊ र भात खाए जस्तो सजिलो बिषय होइन, यहाँ बलिदान गर्नुपर्छ, बलिदान गौरवको बिषय हो । सम्भवतः यतिबेला क्रान्ति छोडेर भागिरहेकाहरुमा क्रान्तिको यो निर्मम प्रक्रियालाई सहन गर्न सक्ने सामर्थ्य रहेन होला । जसकारण खुट्टा कमाउने अवस्था सृजना भयो, धरमराउने अवस्था आयो । अन्ततः आन्दोलनबाट भाग्नेसम्मको स्थिती बन्यो । यतिबेला क्रान्तिको यो ऐतिहासिक जिम्मेवारीलाई मनन गरेर जनताको बीचमा उठेको बिद्रोहको नेतृत्व गर्नुपर्ने पात्रहरुमा देखिएको बिचलन सही छैन । यो त इतिहास पनि हो र अर्कोतर्फ आफ्नै जीवनमाथिको प्रश्न पनि हो । आगामी दिनहरुमा यसको जवाफ कहाँ-कहाँ उभिएर दिने हो त्यो पनि छ । भागेर हुन्न दह्रोसँग खुट्टा टेकेर जनताको भरोसा बन्न सबै तयार हुनुपर्दछ ।

*(पौडेल नेपाल कम्युनिष्ट पार्टी झापाका इञ्चार्ज हुन् ।)*

# होस्टल एसोसिएसनको नेतृत्व चयन



**झापा, भदौ ११।** नेपाल होस्टल एसोसिएसनको अध्यक्षमा भक्ति पाठक निर्वाचित भएका छन् ।

संस्थाको सातौं वार्षिक साधारणसभाले पाठकको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । अध्यक्षमा भक्ति पाठकले दुई सय ६३ मत प्राप्त गरे भने प्रतिस्पर्धी गोविन्द गिरीले दुई सय ६० मत प्राप्त गरेका थिए ।

एसोसिएसनका वरिष्ठ उपाध्यक्षमा अरुण पराजुली महिला उपाध्यक्षमा उर्मिला भट्टराई(बराल), महासचिवमा रुपाली गुरागाईं(पौडेल), सचिवमा डण्डीप्रसाद गौतम, कोषाध्यक्षमा पूजा जोशी निर्वाचित भएका छन् ।

एसोसिएसनको विधान अनुसार निर्वाचित सात जना केन्द्रीय सदस्यमा कल्पना आचार्य, राजकुमार केसी, घनश्याम रिसाल, गणेश आचार्य, राधिका घिमिरे र हरिप्रसाद भेटवाल रहेका छन् ।

एसोसिएसन निर्वाचन समितिका संयोजक सुवास कोइरालाका अनुसार कूल छ सय ९२ मतदाता मध्ये पाँच सय ४१ मत खसेको थियो । नेपाल होस्टल एसोसिएसनमा नेपालभरका लगभग सात सय होस्टल सदस्य रहेका छन् । यसका काठमाडौं, ललितपुर, काभ्रे, चितवन र मोरङ जिल्ला समिति विस्तार भइसकेको छ ।

# वीरेन्द्रका उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति

**भद्रपुर, भदौ ११।** भद्रपुर-७ स्थित वीरेन्द्र माध्यमिक विद्यालयले मंगलबारदेखि विज्ञान प्रयोगशाला सञ्चालनमा ल्याएको छ ।

यही शैक्षिक सत्रदेखि कक्षा ११ र १२ मा नेपाली र अंग्रेजी दुबै माध्यमबाट विद्यालयले विज्ञान बिषयको कक्षा सञ्चालनमा ल्याएसँगै साढे छ लाख लागतमा विज्ञान प्रयोगशाला सञ्चालनमा ल्याइएको हो । विज्ञान प्रयोगशालाको उद्घाटन भद्रपुर नगरपालिका प्रमुख जीवनकुमार श्रेष्ठले गरेका थिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तारालाल रुचालको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयले कक्षा ११ र १२ मा उत्कृष्ट अंक ल्याउने छात्रछात्रालाई छात्रवृत्ति रकम समेत प्रदान गरिएको थियो ।



पूर्व विद्यार्थी कृषि वैज्ञानिक डा. जगदिश तिम्सिनाले स्व. विद्यानाथ पवित्रादेवीको नाममा पाँच लाख रुपैयाँको अक्षयकोष स्थापना गरेको र सोही अक्षयकोषबाट कक्षा १२ मा अध्ययनरत् सौजन अधिकारी र विपना पौडेल, कक्षा ११ मा अध्ययनरत् सुरेन्द्र शर्मा र बिबिशा ओलीलाई छात्रवृत्तिवापत जनही नौ हजारका दरले नगद प्रदान गरिएको हो ।

त्यसैगरी पूर्व प्रधानाध्यापक स्व. डिल्लीप्रसाद भट्टराईको नाममा रु. ५ लाख ५५ हजार पाँच सय ५५ रुपैयाँमा स्थापना गरिएको अक्षयकोषबाट कक्षा ११ मा अध्ययनरत् अर्जुन दाहाल र प्रकृति भट्टराई जनही सात हजार पाँच सयको दरले छात्रवृत्ति प्रदान गरिएको छ । त्यसैगरी केदार जमुना छात्रवृत्तिबाट कक्षा ११ मा अध्ययनरत् सौजन अधिकारी र बिबिशा ओलीलाई नगद पाँच हजारका दरले प्रदान गरिएको छ ।

कार्यक्रममा प्रमुख अतिथि भद्रपुर नगरपालिकाका प्रमुख श्रेष्ठ, नगर शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख उद्धव बिष्ट लगायतले शुभकामना मन्तव्य राखेका थिए । विद्यालयका प्रधानाध्यापक टंकनाथ शर्माले कार्यक्रमको औचित्य माथि प्रकाश पार्दै वि.सं. २०५८ सालमा ४० जना विद्यार्थीहरुबाट पठनपाठन शुरु गरेको विद्यालयमा हाल उच्च शिक्षामा व्यवस्थापन, मानविकी, शिक्षा र यसै वर्षदेखि कक्षा ११ र १२ मा नेपाली र अंग्रेजी दुबै माध्यमबाट विज्ञान बिषयको पठनपाठन शुरु भएको जानकारी दिए ।

त्यसैगरी विविध सांस्कृतिक कार्यक्रम गर्दै कक्षा १२ का विद्यार्थीहरुले कक्षा ११ मा अध्ययन गर्न आएका नव आगन्तुक विद्यार्थीहरुलाई स्वागत गरिएको थियो । कार्यक्रमको सञ्चालन सहायक प्रधानाध्यापक खिलाराज कोइरालाले गरेका थिए ।

# धुलाबारीको निगरानी सीसी क्यामेराले गर्ने

**धुलाबारी, भदौ ११।** धुलाबारी बजार क्षेत्रको शान्ति सुरक्षालाई मध्यनजर गर्दै सीसी क्यामेरा जडान गरिने भएको छ ।

मेचीनगर वडा नम्बर ९ र १० मा पर्ने धुलाबारी बजार क्षेत्रको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै सीसी क्यामेरा जडान उपभोक्ता समिति गठन गरिएको छ । समाजमा शान्ति, सुरक्षा एवम् अमनचयन कायम राख्न सीसी क्यामेराको आवश्यकता महशुस गरी समिति निर्माण गरिएको समितिका अध्यक्ष रविन बस्नेतले बताए ।

धुलाबारीमा आयोजित सर्वपक्षीय एवम् सर्वदलीय भेलाले युवा बस्नेतको अध्यक्षतामा नौ सदस्यीय समिति गठन गरिएको हो । नवगठित समितिको उपाध्यक्षमा भूमि पौडेल, सचिवमा मिलनराज प्रसाईं, सहसचिवमा सीता पोखरेल र कोषाध्यक्षमा बसन्ती लावती छन् ।

त्यस्तै, सदस्यहरुमा राज्यप्रकाश शर्मा, झुनादेवी बानियाँ, प्रदीप अधिकारी र दलबहादुर कट्टेल चयन भएका छन् । नवगठित समितिको सल्लाहकारहरुमा मेचीनगर वडा नम्बर १० का अध्यक्ष सुवेश पनेरु, वडा नम्बर ९ का अध्यक्ष गोपाल खड्का, नेकपा मेचीनगर १० का अध्यक्ष प्रकाश खड्का, 'हाम्रो धुलाबारी राम्रो धुलाबारी' संस्थाका अध्यक्ष नारायण प्रसाईं छन् ।

त्यस्तै, सल्लाहकारहरुमा नेपाली कांग्रेस वडा नम्बर १० का सभापति होमनाथ न्यौपाने, मेची उद्योग वाणिज्य संघका अध्यक्ष ऋषिराज तिम्सिना, रामघाट सेवा समितिका अध्यक्ष गोपाल गुप्ता, इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रमुख गोविन्दकुमार कार्की र इलाका प्रहरी कार्यालय धुलाबारीका प्रमुख टीकाबहादुर कार्की रहेका छन् ।

आउँदो एक महिनाभित्रमा सीसी क्यामेरा जडान कार्य सम्पन्न गर्ने लक्ष्यसहित आवश्यक तयारी सुरु गरिएको र त्यसका लागि ३५ लाख रुपैयाँ लागत पूर्वानुमान गरिएको समितिका सचिव प्रसाईंले जानकारी दिए । उनका अनुसार भेलाले सुरक्षा चुनौतिका दृष्टिले अति संवेदनशील क्षेत्रको पहिचान गरी सीसी क्यामेरा जडान गर्ने सर्वसम्मत निर्णय गरेको छ ।

सो कार्यका लागि मेचीनगर नगरकार्यपालिका कार्यालयले सात लाख ५० हजार रुपैयाँ बजेट विनियोजन गरिसकेको र थप रकम मेचीनगर-९ र १० नम्बर वडा कार्यालय, स्थानीय संघ-संस्था, उद्योगी, व्यापारी, समाजसेवी लगायतबाट जुटाइने समितिले जनाएको हाम्रा सहयोगी सुमन बस्नेतले जानकारी दिए ।

# बाढीले तरकारी नष्ट गरेपछि किसान चिन्तित

**इनरुवा, भदौ ११।** सुनसरीको देवानगञ्ज गाउँपालिका-१ का प्रभु मेहताले पाँच कट्ठामा भाण्टाखेती गरेका थिए ।

करिब रु. १५ हजारको लागतमा उनले लगाएको भाण्टा एक्कासी सुकेपछि अहिले उनी चिन्तित भएका छन् । उनी जस्तै वडा नं. ५ का भोलाप्रसाद मेहताले समेत पाँच कट्ठामा खुर्सानी खेती लगाएका थिए । करिब रु. ३५ हजारको लागतमा लगाएको खुर्सानी खेती सुकेपछि उनीलाई पनि चिन्ताले सताएको छ ।

महँगो बीऊ, मल र मजदुर समेत गरेर मेहताद्वयले गरेको खेती सुकेपछि उनीहरुलाई हातमुख जोड्न समेत समस्या भएको छ । तरकारी खेतीकै भरमा घरपरिवार चलाउँदै आएका उनीहरुले केही कमाउने भन्ने लोभले गरेको तरकारी खेती लगातार वर्षासँगै आएको बाढीका कारण खेतमा लगाएको बाली समेत सुक्केकाले लगाएको लगानी समेत नआउने भएको छ ।

उक्त गाउँपालिकामा मात्रै बाढीका कारण करिब ५० बिगाह तरकारी बाली सुक्न थालेको अनुपम तरकारी कृषि सहकारी सस्थाका अध्यक्ष रामवृक्ष मेहताले बताए । गाउँपालिका क्षेत्रमा सयौं किसानले सहकारीबाट ऋण गरेर गरेको तरकारी खेती सुकेपछि कृषक समस्यामा परेको उनी बताउँछन् ।

सदरमुकाम इनरुवा, देवानगञ्ज, हरिनगर, कोशी, भोक्राहा नरसिंह गाउँपालिकामा सघनरूपमा बर्खे र मौसमी गरेर जम्मा तीन हजार चार सय १५ हेक्टर क्षेत्रफलमा तरकारी खेती हुँदै आएको छ ।

बाढीका कारण सुनसरीमा पाँच सय १२ हेक्टर क्षेत्रफलमा लगाइएको तरकारी बाली नष्ट हुँदा करिब तीन लाख ८४ हजार मूल्य बराबरको तरकारी बाली नष्ट भएको कृषि ज्ञान केन्द्र सुनसरीका बागवानी विकास अधिकृत तृपितनारायण मिश्रले बताए ।


झापाको बिर्तामोडदेखि इलामको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।
दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समय:
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे १ ज ५६४, मे १ ज १७९९, मे १ ज ५४६, मे १ ज ६२५, मे १ ज ३०७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०३४४ वीरेन्द्र राई

राजगढमा चलिरहेछन् यी चलचित्रहरू
नयाँ रिलिज चलचित्रहरू
पहिलो शो १२:०० बजे हजार जुनीसम्म (नेपाली)
दोस्रो शो २:३० बजे MISSION MANGAL (हिन्दी)
तेस्रो शो ५:३० बजे जाइरा (नेपाली)
चौथो शो ७:४५ बजे जाइरा (नेपाली)
एभरेस्ट डिजिटल सिनेमा हल, राजगढ, झापा
टिकट अग्रिम बुकिङको लागि सम्पर्क नं. मो. ९८१७९५९७१०

पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ
(हल ए) नेपाली सिनेमा हजार जुनीसम्म
पहिलो शो ११:४५
दोस्रो शो २:४५
नाइट शो ७:१५
(हल बी) नेपाली तथा हिन्दी सिनेमाहरु
पहिलो शो ११:४५ BATLA HOUSE
दोस्रो शो २:४५ MISSION MANGAL
तेस्रो शो ७:१५ MISSION MANGAL
www.pathivaracineplaza.com
(नोट: हिन्दी चलचित्र SAAHO को बुकिङ खुल्ला गरिएको छ) बुकिङ गरेको टिकट आधाघण्टा पछि स्वत: क्यान्सिल हुनेछ । फोन नं. ०२३-५४६४३६

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

नेपालीहरूको लागि भरपर्दो सेवा
मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर
भारतको पानीटंकीस्थित नेपालीहरूको एक मात्र मोटरसाइकल पार्ट्सका सामान होलसेलमा शुपथ मूल्यमा पाउनुका साथै ग्यारेन्टीका साथ सर्भिसिङ पनि गरिन्छ ।
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली बायाँ साइड
निशान्त - ८३७२०७८४५४/ ८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

वर्गीकृत विज्ञापन

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क: ९८१४९९३७१२, ९८६२६४८२८२
९८४२६७७८५५, ९८२४९८११७४

सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्रवों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'
सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

कर्मचारी आवश्यकता
Science Teacher: 1, Class 5 (Male)
Social Teacher: 1, Class 6, 7, 8
Science/ Math Teacher : 1, Class 8, 9, 10
वेटर क्याप्टेन : २ जना
कुक : ५ जना वेटर : १० जना
घरमा काम गर्ने : ३ जना महिला
(यसको मासिक तलब १०,००० भन्दा माथि)
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

Private / Open SEE 2076
प्राईभेट SEE कक्षा-१० को आठ ओटै विषयका तयारी कक्षाहरुमा भर्ना खुल्यो ।
कक्षा-८ पास गरी अध्ययन छाडेका, कक्षा-९, १० वा SLC फेल भई बसेका विद्यार्थीहरूले यस वर्ष नै SEE पास गर्न सक्नेछन् ।
पाइथागोरस एजुकेशन फाउण्डेशन
अतिथि सदन रोड, बिर्तामोड
फोन. 023-544975 , मो.नं. 9807927033

पसल बिक्रीमा
झापाको अर्जुनधारा-९ स्थित कटहर डाँडामा चालू अवस्थामा रहेको ग्रील पसल बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क नं. : ९८४२६५४३७७, ९८२४९०००८८

आकर्षक घडेरी बिक्रीमा
बिर्तामोड नगरपालिका-४ भद्रपुररोड पुरानो गोमेन्द्र कलेजदेखि तल्लो कालिका चोकबाट ३५० मिटर पश्चिममा ४२ फिट मुख भएको उत्तर फर्किएको, उत्तर-दक्षिण दुबैतिर बाटो भएको १ कठ्ठा जग्गा विक्रीमा छ। इच्छुकले सम्पर्क गर्नुहोला ।
सम्पर्क: ९८४२७८९८१३/९८१४९११७७७

घडेरी बिक्रीमा
झापाको कनपा वार्ड नं. ८ लक्ष्मीपुर चोकदेखि दक्षिणमा रहेको २० फुटे बाटो भएको ५२ फुट मुख भएको रुमाले आकारको १ कठ्ठा जग्गा बिक्रीमा छ । मूल्य २१ लाख रहेको छ ।
सम्पर्क: ९८६१४१४८६२


पसल बिक्रीमा
बिर्तामोड नगरपालिका वडा नं.- ४ भद्रपुररोडस्थित बिजुली अफिसको दक्षिणपट्टि मेनरोडमा अवस्थित पसल भएको अगाडिको सटर तथा त्यससँगै जोडिएको पछाडिको तीनवटा सटरसहित पसल विक्रीमा छ । इच्छुकले सिधा सम्पर्क गर्नुहोला ।
सम्पर्क नं. : ९८०६०००४७२

तु आवश्यकता
एक प्रतिष्ठित होटलका लागि निम्न कर्मचारी आवश्यकता परेको हुँदा दक्ष व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
कुक: २ जना हेल्पर: २ जना
सम्पर्क ९८०७९९३१७७

कोरियन भाषा 한국어 にほんご
हाम्रा बिशेषताहरू
PBT, CBT, Student Visa का कक्षाहरु सञ्चालन ।
न्युन शुल्कमा डबल कक्षा तथा ग्रुपलाई विशेष छुट ।
AC युक्त Waiting Hall, Exam Hall भएको ।
Skill Test को तयारी कक्षा उच्च स्तरीय सामाग्रीबाट गराइने ।
Course Book तथा शिक्षण सामाग्री नि : शुल्क वितरण गरिने ।
स्तरीय कोरियन Listening Grammar को अध्यापन गराइने ।
प्रत्येक हप्ता टेष्ट, Audio, Video प्रोजेक्टरबाट कक्षा सञ्चालन हुने ।
5000 Model Question को अभ्यास तथा Guarantee कक्षा गराइने ।
टाढाबाट आउने तथा पुराना विद्यार्थीलाई विशेष छुटको व्यवस्था गरिने ।
बिहान ५ देखी साँझ ६ बजे सम्म कक्षा सञ्चालन
जापनीज भाषाका N5 & N4 का कक्षाहरु पनि बिशेष छुटमा गराइने ।
Rupjyoti Institute Pvt. Ltd.
Birtamod - 5, Jhapa Opposite to Kankai Hospital, Near Hotal Heaven
E-mail:- rklebtm@gmail.com
Facebook :-www.facebook.com/rupjyotikorean
प्रो. अर्जुन बोहोरा
Tel : 023-546692 | 9814999326 | 9806090399

नि:शुल्क स्वास्थ्य शिविर
यहि मिति २०७६ साल भदौ १४ गते यस बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टरको बार्षिकोत्सबको शुभअवसरमा चितवनका अनुभवी डा. निलकण्ठ उपाध्याय र फिजियोथेरापिस्ट डा. भगवान शाह द्वारा विभिन्न समस्याहरुको नि:शुल्क स्वास्थ्य परीक्षण हुने सबैमा सहर्ष जानकारी गराइन्छ ।
उपचार हुने समस्याहरु: पाइल्स, ग्यास्ट्रिक, कब्जियत, दम, पिनास, टाउको दुख्ने, मृगौलाको पत्थरी, थाइराइड, प्रोस्टेट, महिला तथा पुरुषका गुप्त रोगहरु, कम्मर, गर्दन तथा घुडा दुख्ने, नशा च्यापिएको, प्यारालाइसिस, मुख बाङ्गिएको, शरीर झम्झमाउने, जोर्नी जाम भएको आदि ।
बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८
फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

कन्काई हस्पिटल प्रा. लि. बिर्तामोड, झापा विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुँचमा हाम्रो स्वास्थ्य सेवा
डा.सन्तोष कु. मिश्र
डा.रोशन अटल
डा.पुष्पेन्द्र लिम्बु
डा.डि.के. आचार्य
डा.सबिन मानन्धर
डा.मो.अक्तर अली
डा. गौरव राज ढकाल
MBBS, MS, ORTHO (KU)
ASSI SPINE FELLOWSHIP (PARK CLINIC, KOLKATA, INDIA)
NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA)
वरिष्ठ स्पाईन (मेरुदण्ड) विशेषज्ञ/सर्जन
राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौबाट
डा. विकास जैशी MBBS, MD, DM Hepatology (NAMS)
डा. मुक्ति आचार्य
MBBS, MD (TU)
वरिष्ठ मानसिक, नशा तथा मनोरोग विशेषज्ञ
डा.रोसन आचार्य
वरिष्ठ नाक,कान,घाटी रोग विशेषज्ञ
डा.सि.वि झा
२४सै घण्टा उपलब्ध सेवाहरु
- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसी सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रसूति शल्यचिकित्सा
- हाडजोर्नी तथा नशा शल्यचिकित्सा
नेपाल सरकार स्वास्थ्य विमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं।

ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९१)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** मेहनत परे पनि भाग्यले राम्रै अवसर दिलाउनेछ । चुनौतिहरू स्वत: हट्ने छन् भने अवसर तथा सफलताले पछ्याउने छन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** टाढिएका मित्रगण नजिकिनाले प्रसन्नता मिल्नेछ । सामाजिक काममा रुची बढ्नेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** अभाव हट्नुका साथै दाम, नाम र इनाम प्राप्त हुनेछ । धार्मिक अनुष्ठान र सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ । गोप्य सूचना बाहिरिनाले समस्या पर्नेछ । काम दोहोऱ्याउनुपर्ने स्थिति आउन सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला । समयमा साथ दिनेहरू नहुँदा दुःख पाइनेछ । बाध्यताले अप्ठ्यारो पार्न सक्छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** आँटेको काम तत्काल सम्पादन नभए पनि पछिका लागि सकारात्मक संकेत प्राप्त हुनेछ । प्रयत्न जारी राखे राम्रो होला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ । प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । परिवेश उल्लासमय रहनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** व्यवसायले रमाइलो यात्रा गर्ने अवसर दिलाउन सक्छ । मेहनतले जीवनशैलीमा राम्रो परिवर्तन ल्याउनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** प्रियजनसँग भेटघाट हुनुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ । गृहस्थी यात्रा रमाइलो रहनेछ । आफन्तहरूको साथले पनि नयाँ आशा जगाउनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ । प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुने छन् ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** मनग्गे फाइदा उठाउन सकिनेछ । परिश्रम परे पनि लक्ष्य प्राप्त हुनेछ । शत्रु परास्त हुने छन् भने रोगबाट उन्मुक्ति मिल्नेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ । प्रतिस्पर्धीहरूलाई समेत पछि पार्न सकिनेछ ।



तस्वीरः कमल पाण्डे 'बिनोद'/ पूर्वाञ्चल

**घरहरूको घेराबन्दीमा बौद्धनाथः** काठमाडौंको पूर्वी भागमा अवस्थित प्रसिद्ध बौद्ध स्तूप बौद्धनाथ । यो स्तूप नेपालको सबैभन्दा ठूलो गोलाकार भएको स्तूप हो । सन् १९७९ देखि बौद्धनाथ युनेस्को विश्व सम्पदा क्षेत्रको रूपमा रहेको छ । स्वयम्भूनाथ सँगसँगै बौद्धनाथ पनि काठमाडौंको सबैभन्दा बढि पर्यटकहरु आउने स्थानमध्ये एक रहेको छ ।

विशेषगरी यस चैत्यको इतिहास प्राचीन तिब्बती बौद्ध सम्प्रदाय अथवा ञिङमा सम्प्रदाय साथ सम्बन्धित भएकोले यसको बारे ञिङमा सम्प्रदायको धर्म इतिहास तथा लेख रचना र ग्रन्थहरुमा व्याख्या गरिएको पाइन्छ।

बौद्धनाथ दक्षिणबाट मुगलको आक्रमण पश्चात १४औं शताब्दीतिर बनेको थियो । यद्यपि यसको निर्माण सम्बन्धी धेरै रोचक कथाहरु रहेका छ । सन् १९५९ मा तिब्बतमाथि चीनको आक्रमण भएको बेला हजारौ संख्यामा आएका तिब्बती शरणार्थीहरु नेपाल आएपश्चात बौद्धनाथ स्तूप तिब्बती बुद्ध धर्मको महत्वपूर्ण केन्द्र बन्न शुरू भएको थियो ।

# पुल निर्माणको सामग्री जनप्रतिनिधिको निजी प्रयोगमा

अमित खम्बू

**अर्जुनधारा, भदौ ११।** झापाको अर्जुनधारा-७ स्थित जलेश्वर सडकखण्ड अन्तर्गत वडा कार्यालय नजिक निर्माणाधीन पुलको लागि ल्याइएको निर्माण सामग्री जनप्रतिनिधि आफैले प्रयोग गर्ने गरेको पाइएको छ ।

जनगुनासोपछि बुधबार सञ्चारकर्मीहरुको टोली अर्जुनधारा-५ बाट निर्वाचित नगर सभा सदस्य रीता नेपालीको घरमा पुग्दा उक्त सामग्रीहरु घरको बारी छेउमा निर्माण भइरहेको कोठा बनाउन उनले प्रयोग गरेको फेला पारेका थिए ।

नगर सभा सदस्य नेपालीले मंगलबार श्रीमान् राजु र दुईजना कामदार परिचालन गरी गिटी र बालुवा अनुमति समेत नलिई लगेको पुल निर्माणको ठेक्का पाएका साह इञ्जिनियरीङ कन्स्ट्रक्सनका सुपरभाइजर रोशनकुमार चौधरीले बताए । पुल निर्माणमा कार्यरत् मिस्त्रीको आग्रहलाई समेत बेवास्ता गर्दै निर्माण सामग्री लगिएको सुपरभाइजर चौधरीले बताए ।

अनुमति बिना सामग्री लगेको कुरा कम्पनीको मान्छेले थाह पाएको खण्डमा आफूहरुको पैसा काटिनेभन्दा पनि उनीहरुले मोटरसाइकलको प्रयोग गरी सामग्री लगेको मिस्त्री रोहित रायले बताए । सोही क्रममा कोही सोधीखोजी गर्न आए घरमा पठाइदिनु भन्दै रक्सी पिउने हो भनी राजुले प्रस्ताव गरेको उनलाई उदृत गर्दै मिस्त्री रायले बताए ।

नगर सभा सदस्य नेपालीले कोठा बनाउने क्रममा थोरै भाग बाँकी रहेको र काम नसकी मिस्त्रीलाई ज्याला दिन लोभ लागेपछि काम सक्नलाई आफूले त्यसो गरेको सञ्चारकर्मीहरु समक्ष स्वीकार गरिन् ।



शुरुमा अनुमति लिएको दाबी गरे पनि सम्बन्धित ठेकेदारसँग अनुमति नलिएको खुलेपछि नगर सभा सदस्य नेपालीले आफूबाट गल्ती भएको बताइन् ।

पुल निर्माण गर्न ल्याइएको सामग्री व्यक्तिगत प्रयोजनको लागि प्रयोग गरेकी उनले सार्वजनिक सरोकारको विषय रहेको उक्त पुल कसरी निर्माण भइरहेको छ, कस्ता सामग्री प्रयोग भएका छन् भन्ने विषयमा अनभिज्ञता प्रकट गरिन् ।

अर्जुनधारा-५ का वडाध्यक्ष एवम् नगर कार्यपालिका सदस्य ध्यानबहादुर भारतीले नगर सभा सदस्य नेपालीले गरेको उक्त कार्य गम्भीर गल्ती भएको बताए । नगर सभा सदस्य नेपालीले कन्स्ट्रक्सनलाई क्षतिपूर्ति बापत एक ट्याक्टर बालुवा उपलब्ध गराउने सहमति भएको वडाध्यक्ष भारतीले बताए ।

# एक्जाभेटरमा आगजनी

**भोजपुर, भदौ ११।** भोजपुर नगरपालिका-१२ र रामप्रसाद राई गाउँपालिका-५ मानेभञ्याङ जोड्ने पक्की पुल निर्माणस्थलमा राखिएको एक्जाभेटरमा अज्ञात समूहले आगजनी गरेको छ ।

पुल निर्माणको जिम्मा लिएको मार्सेली निर्माण सेवाले निर्माणस्थलमा राखेको उक्त एक्जाभेटरमा पेट्रोल छर्केर आगजनी गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

सोही स्थानमा शंकास्पद वस्तु पनि फेला पारेकाले नेपाली सेनाको विज्ञ टोली आएपछि त्यसलाई डिस्पोज गरिएको प्रहरीले जनाएको छ । सो स्थानको पिखुला खोलामा प्रदेश सरकारको छ करोड ५३ लाख रुपैयाँको लागतमा पुल निर्माण शुरु गरिएको थियो । आगजनी गर्ने अज्ञात समूहको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# २०० विद्यार्थीलाई तीन महिनादेखि खाजा खुवाउँदै व्यवसायी घोष

पार्थ मण्डल

**भद्रपुर, भदौ ११।** 'धन भएर केही हुँदैन, मन ठूलो हुनुपर्छ, मन ठूलो भए दान गर्ने इच्छाशक्ति आफैमा जाग्छ' -यस्तै दानवीर दाताको रूपमा झापा भद्रपुरका एक युवा स-साना विद्यार्थीका माझ अभिभावक भएर उभिएका छन् ।

सरकारले सामुदायिक विद्यालयमा अध्ययनरत् बालविकास कक्षाका विद्यार्थीलाई दैनिक खाजा खुवाउनका लागि रकम उपलब्ध गराउँदै आइरहे पनि गत आर्थिक वर्ष २०७५/०७६ को साउनदेखि बालविकास कक्षाका विद्यार्थीलाई दिँदै आइरहेको खाजा खर्चको रकम कटौती गरेको थियो । बालविकासका विद्यार्थीहरुका लागि खाजा खर्चबापत सरकारले विद्यार्थीको संख्या अनुसार विद्यालयलाई रकम निकासा गर्दै आइरहेको र सोही रकमबाट विद्यालयले बालविकास कक्षामा अध्ययनरत् गरीब, दलित तथा सीमान्तकृत विद्यार्थीलाई खाजा खुवाउँदै आइरहेको थियो ।

सरकारले खाजावापतको रकम कटौती गरेपछि विद्यालयले विद्यार्थीलाई खाजा खुवाउन बन्द गरेको थियो । विद्यालयले खाजा खुवाउन छाडे लगत्तै बालविकासमा पढ्न आउने विद्यार्थीको संख्या समेत घट्न थालेको बताइएको छ । सरकारले दिँदै आइरहेको खाजा खर्चको रकम कटौती गरेको थाह पाएपछि भद्रपुर नगरपालिका-५ का युवा व्यवसायी सञ्जय घोषले भद्रपुरस्थित गौतम बुद्ध प्राथमिक विद्यालयमा अध्ययनरत् बालविकाससहित कक्षा ५ सम्मकै विद्यार्थीका लागि अभिभावक भएर आए ।

युवा व्यवसायी घोषले आफ्नो एकल लगानीमा गौतम बुद्ध प्राविका बालविकासदेखि कक्षा ५ सम्मका दुई सय विद्यार्थीलाई विगत तीन महिनादेखि खाजा खुवाउँदै



आइरहेका छन् । उनले गत जेठ १ गतेदेखि विद्यार्थीलाई खाजा खुवाउन थालेका हुन् । विद्यालयका पूर्व विद्यार्थी समेत रहेका ४० वर्षीय व्यवसायी घोषले भने- 'सरकारले खाजा दिन बन्द गरेको ढिलै थाहा भयो, म विद्यालयको पूर्व विद्यार्थी पनि हुँ, सामुदायिक विद्यालयमा गरीब तथा सीमान्तकृत विद्यार्थीहरू मात्र पढ्न आउँछन्, उनीहरूको अभिभावक भएर म आफै अगाडि बढेको हुँ ।'

'मासिक २० देखि २२ हजार रुपैयाँ खाजा खुवाउन खर्च हुन्छ, पैसा ठूलो कुरा होइन, मन हुनुपर्छ, विद्यार्थीको अवस्था हेर्दा मनले थाप्न सकेन, त्यही भएर कमाइको केही रकम विद्यालयमा अध्ययनरत् स-साना बालबालिकाका लागि खर्च गरेको हुँ' -उनले भने । आफूले विद्यालयमा खाजा खुवाउन थालेपछि यहाँका अरू युवामा पनि आफ्नो जस्तै भावना जागेको बुझेको बताउँदै उनले विद्यालयमा खाजा खुवाउने कार्यलाई निरन्तरता दिने बताए । २०५८ सालदेखि विद्यालयमा बालविकास कक्षा सञ्चालनमा आएको विद्यालयका प्रधानाध्यापक जयन्ती मानीले जानकारी दिइन् ।

सरकारले गत आर्थिक २०७५/०७६को साउनदेखि खाजा बापत दिँदै आइरहेको रकम कटौती गरेको बताउँदै प्रधानाध्यापक मानीले एक्कासी खाजा कटौती गर्दा विद्यार्थीहरूलाई समस्या हुने हुँदा शिक्षकहरूकै लगानीमा विद्यालयले मंसिरसम्म बालविकासमा अध्ययनरत् सम्पूर्ण विद्यार्थीलाई खाजा खुवाएको बताए । तर, त्यसरी धान्न नसकेपछि विद्यालयले पुसदेखि खाजा खुवाउन छाडेको उनले बताइन् ।

'पूर्व विद्यार्थी सञ्जय घोष वैशाखको अन्तिममा विद्यालयमा आउँदा विद्यालयको समस्याको बारेमा बुझेपछि मैले खाजा बन्द भएको कुरा राखेँ, त्यसको भोलिपल्ट नै सञ्जयले खाजा खुवाउने खाद्यान्न सामग्री खरिद गरेर विद्यालयमा लिएर आए र फेरि विद्यार्थीलाई खाजा खुवाउन थालेँ' -उनले भनिन् । उनका अनुसार विद्यालयले खाजा खुवाउन छाडेपछि विद्यार्थी संख्या घट्न थाल्यो, खाजा खुवाउन शुरु भएको अभिभावकले थाह पाएपछि फेरि विद्यार्थी संख्या बढ्यो ।

'सरकारको लगानी हुँदा बालविकासका विद्यार्थीलाई मात्र खाजा खुवाउँदै आइरहेका थियौं'-उनले भनिन्- 'दाता सञ्जयले बालविकासलाई मात्र होइन, सम्पूर्ण विद्यार्थीलाई खाजा खुवाउनुहोस, खर्च पनि दिन्छु भनेपछि सबै विद्यार्थी खाजा खुवाइरहेका छौं ।' एकदिनमा खाजा खर्चमा एक हजार खर्च हुने गरेको बताउँदै उनले भनिन्- 'विद्यालयका सहयोगी कर्मचारी र शिक्षक आफैले खाजा पकाउँछन् र वितरण गर्छन् । सञ्जय भाइ जस्तो दाताहरू सेवाको भावना लिएर यसरी अगाडि बढे हरेक सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर आफै फेरिन्छ ।'

# ब्राउनसुगरसहित दुई पक्राउ



**मेचीनगर, भदौ ११।** एक ग्राम एक सय मिलिग्राम ब्राउनसुगरसहित मोरङ बेलाबारी-३ का दुई जना युवा बुधबार काँकरभिट्टामा पक्राउ परेका छन् ।

भारतको पश्चिम बंगालस्थित पानीट्यांकीबाट नेपालतर्फ आउने क्रममा प्रहरीले शंका लागेर चेकजाँच गर्दा २४ वर्षीय सन्तोष खड्काको साथबाट उक्त परिमाणको लागूऔषध फेला परेपछि उनको बयानका आधारमा सोही ठाउँका १९ वर्षीय सोनाम लिम्बूलाई समेत लागूऔषध नियन्त्रण व्युरो शाखा कार्यालय काँकरभिट्टाको टोलीले नियन्त्रणमा लिएको शाखाले जनाएको छ ।

आफ्नो पर्सको भित्रपट्टि पाँच रुपैयाँको नोटमा प्लाष्टिकको पोको बनाएर लुकाईछिपाइ राखेको अवस्थामा इलाका प्रहरी कार्यालय काँकरभिट्टाअघि चेकजाँच गर्ने क्रममा खड्काका साथबाट प्रहरीले उक्त परिमाणको ब्राउनसुगर फेला पारेको थियो ।

उनले नेपाली दुई हजारमा उक्त लागूऔषध खरिद गरेको र पैसा दुबै जनाको बराबर परेको प्रहरी समक्ष बयान दिएपछि लिम्बू पक्राउ परेका हुन् । बेलबारीकै एक व्यक्तिले खरिद गर्न लगाएको दुबैले बयान दिएको प्रहरीले जनाएको छ ।

दुबैलाई इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखेर अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।


पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं.मा सम्पर्क गर्नुहोस् ।

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
बिर्तामोड, झापा
सम्पर्क राजकुमार श्रेष्ठ
९८४२६३४६२७/९८०८०१०४१०/ ०२३-५४४३५५ अफिस सम्पर्क: ०२३-५४६००५
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्याङ्कीबाट सफाई गरिन्छ ।
मोबाइल : ९८५२६८६००५

कतारमा वैदेशिक रोजगारीको अबसर
१. कम्पनी: AL-SRAIYA SECURITY SERVICE,QATAR
पूर्व स्वीकृत मिति: २०७४/०५/१९ | चलानी नं: ६०११७०९९ | LT. No.:194751

| क्र.सं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard (Civil) | 50 | 0 | [illegible] | 1500 | ४६,८१४/- | कं नि अनुसार | ८ घण्टा | ६ दिन | कं नि अनुसार | छ | छ | २ वर्ष |
| 2 | Patrolling Guard | 10 | 0 | | 1800 | ५६,१७७/- | | | | | | | |
| 3 | Security Supervisor | 5 | 0 | | 2000 | ६२,४१९/- | | | | | | | |

फाईनल अन्तर्वार्ता सम्बन्धीत कम्पनीको प्रतिनिधिबाट भाद्र १३ गते (30 AUG 2019) बिर्तामोडमा हुदैछ । जान चाहन इच्छुक ले सकल राहादानी ,१२ प्रति फोटो र आवश्यक कागजात हरु सहित तुरुन्त सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. १२८/०५५/०५६
KASTURI INTERNATIONAL SERVICE PVT. LTD.
Thirbam sadak, Kathmandu
झापा सम्पर्क : ९८०४९९६१४१४, ९८०७९६३७९५

कोरियन भाषा फेरि शनिश्चरेमा

विगत वर्षहरु झैं यस वर्ष पनि कोरियन भाषा तयारी कक्षाहरु बिहान ६ बजे देखि दिउँसो २ बजेसम्म धमाधम सञ्चालन भईरहेको हुँदा ईच्छुक विद्यार्थीहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

हाम्रा विशेषताहरु:
- कोरिया बसेर फर्केका दक्ष तथा अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराईने
- Audio, Video Projector बाट कक्षा संचालन गराइने
- प्रत्येक हप्ता EPS TOPIK अन्तर्गतका प्रश्नहरुबाट परीक्षा गराईने
- ग्रुपमा आउने विद्यार्थीलाई विशेष छुटको व्यवस्था
- यस अघि भाषा पढिसकेका विद्यार्थीहरुलाई विशेष कक्षाको व्यवस्था
- टाढाबाट आउने विद्यार्थीलाई बस्नको व्यवस्था
- Course Book, CD & T-Shirt निशुल्क प्रदान गरिने

नोट: यहाँ COMPUTER, TUITION, ENGLISH / JAPANESE LANGUAGE का कक्षाहरु पनि धमाधम संचालन भइरहेको जानकारी गराईन्छ ।

FORWARD EDUCATION FOUNDATION
Arjundhara-8, Shanischare Bazar, Jhapa
Ph:023465313, 9842734373
:forward.computer.in@gmail.com

प्याकेजिङ्ग हेल्पर, मेसन, प्लम्बर र सेक्युरिटी गार्डमा २१ दिनमा दुबई पुग्ने सुवर्ण अवसर
कम्पनी : BAKEMART L. L. C. | शहर : DUBAI
पूर्व स्वीकृति मितिः २०७६/०३/१८ | चलानी नं. ६०१४१४३९ | लट नं. २२१७७९

| पद | संख्या | तलब AED | तलब NR | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|---|
| Packing Helper | ८० (पुरुष) | ८००/- | २३,८२५/- | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |

यसको फाइनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट यही भदौ १३ गते शुक्रबारका दिन बिर्तामोडमा हुनेछ ।

नोटः मेसन र प्लम्बरको सेलेरी ९ घण्टा २६ दिनको १२०० DHS+OT को एग्रीमेन्ट गरिने छ । म्यागनम सेक्युरिटी कम्पनीबाट ५० जना सिभिल सेक्युरिटी गार्ड तलब १२ घण्टा २८ दिनको १९३० DHS+OT।

श्रम इजाजत नं. ३९६/०६०/०६१
सगुन ओभरसिज सर्भिसेज प्रा.लि.
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)

# चौतारो मासेर प्रहरी विट !



**विनोद पाण्डे**

**चारपाने, भदौ ११।** झापाको बिर्तामोड नगरपालिका वडा नं. २ रामचोकमा रहेको पुरानो चौतारो मासेर प्रहरी स्थायी विट बनाइएको छ।

आजभन्दा ३६ बर्षअघि सवारीसाधनको अत्यन्तै कमी र धेरै सर्वसाधारण सवारीसाधन प्रयोगको पहुँचमा नपुगिसकेको अवस्थामा लामोदुरीसम्म पनि बटुवाहरु हिँड्ने गर्थे । २०४० सालमा सामाजिक सेवाभावले प्रदिप एण्ड कम्पनी, नविन एण्ड कम्पनी, जनप्रिय इँटा र लोकप्रिय इँटा उद्योगको संयुक्त लगानीमा निर्माण गरिएको चौतारो तत्कालीन प्रधानपञ्च गोविन्द बस्नेतले शिलान्यास गरेका थिए । सन्तलाल गट्टानीले उद्घाटन गरेको यस चौतारो हजारौं बटुवाको विश्रामस्थल बनेको थियो । यही ठाउँमा रामचोकबासीले धेरैवटा धार्मिक तथा सामाजिक कार्यक्रम पनि सम्पन्न गरेका थिए ।

अहिले प्रत्येकको घरमा निजी सवारीसाधन, रिक्सा लगायतका नभएको ठाउँ र गाउँ सायदै छैन । यस चौतारोमा बटुवा पनि आउन छाडेको र पहिले-पहिले स्थानीयबासीहरु भेला भएर गफ गर्ने थलो बनेको चौतारो अहिले हरेक घरमा टेलिभिजन, इन्टरनेट अनि मोबाइल भएर होला गाउँघरका मानिस पनि चौतारोमा भेला हुन छोडेका छन् ।

पछिल्लो समय उक्त चौतारो लागूपदार्थ प्रयोगकर्ताको अखडा बन्न थालेपछि गाउँ, समाजमा हुन सक्ने विभिन्न बिकृतिलाई रोक्न र सवारी दुर्घटना न्यूनीकरण गराउने उद्देश्यले स्थानीयको पहलमा रामचोक चौतारोलाई बुधबारबाट अस्थायी प्रहरी विट बनाइएको स्थानीय दिनानाथ सिग्देलले बताए ।

उक्त प्रहरी बिटको चारपाने अर्जुनधारा विकास समाजको पहलमा उद्घाटन गरिएको छ । समाजका अध्यक्ष हरिप्रसाद भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि बिर्तामोड नगरपालिका वडा नम्बर २ का वडाध्यक्ष नगेन्द्र संग्रौलाले रिवन काटेर विटको उद्घाटन गरेका थिए ।

कार्यक्रममा इलाका प्रहरी कार्यालय बिर्तामोडका डिएसपी मोहन थापा, जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख होमपसाद अधिकारी, स्थानिय समाजसेवी लोकनाथ खनाल, राजेन्द्रकुमार थापा लगायतले अपराध तथा दुर्घटना न्यूनीकरण गर्न प्रहरी बिटले मद्दत पुग्ने बताएका थिए ।

कार्यक्रमको सञ्चालन समाजका सचिव भरत भट्टराईले गरेका थिए भने स्वागत उपाध्यक्ष माधव सिटौलाले गरेका थिए ।



नरेन्द्र ढकाल

# रवि ! पार्टीको झण्डा ओड्छौ कि राष्ट्रिय ?



**विश्वमै सायद पहिलो पटक हुनुपर्छ एक पत्रकारको पक्षमा यति धेरै जनता सडकमा उत्रिएको घटना। के वृद्धा, के बालक, के युवा सबैको एउटै स्वर थियो- रविलाई फसाइँदैछ। हो, एक स्वच्छ छवि र निडर भएकै कारण आज रवि प्रति मानिसको भरोसा र विश्वास जाग्दै गएको हो।**

संविधान बनेपछि देशले स्थायित्व पाउने संक्रमणकालको अन्त्य हुनेछ। देशले विकासको फड्को मार्नेछ भन्ने अपेक्षा जनताले राख्नु स्वभाविकै हो। मुलुकले नयाँ संविधान पनि प्राप्त गऱ्यो, संविधानकै भावना अनुसार तीन तहको सरकार पनि निर्माण भएको दुई वर्ष पूरा भइसकेको छ। विकासका कामले गति नलिएको होइन। तर, जनताले जुन अपेक्षा गरेका थिए त्यो अपेक्षा अनुसार चाहिँ पटक्कै काम भएको छैन। वर्तमान सरकार दुई तिहाईको दम्भ देखाएर अघि बढिरहेको छ। नेपाली कांग्रेसले दर्बिलो तरिकाले समेत प्रतिपक्षीको भूमिका निर्वाह गर्न सकिरहेको छैन ।

मुलुकमा निराशा व्याप्त भइहरेका बेला आशाको केन्द्र बनेको जनतासँग सिधा कुरा कार्यक्रम पनि विवादमा पऱ्यो। न्यूज २४ का कार्यक्रम सञ्चालक रवि लामिछाने र पत्रकार युवराज कँडेललाई दोषी देखाउँदै उनीहरुकै पूर्व सहकर्मी शालिकराम पुडासैनीले आत्महत्या गरे। प्रहरीले आत्महत्या हो भनेर घटनालाई अदालतमा पेश गरिसकेको अवस्थामा हत्या या आत्महत्या भनेर बहस गर्न जरुरी ठानिन्। तर, धेरैले आत्महत्या हो भनेर पत्याएका छैनन्। यो पंक्तिकार पनि झट्टै आत्महत्या नै हो भन्नेमा विश्वस्त रहेको छैन। जे होस्, घटना नहुनुपर्ने थियो भयो ।

भिडियोमा रविका कारण आत्महत्या गर्न बाध्य भएको कुरा बाहिरिएसँगै प्रहरीले एकाएक रवि र युवराजसहित तीन जनालाई नियन्त्रणमा लियो। प्रहरीले रविलाई नियन्त्रणमा लिएर हिरासतमा राखे लगत्तै चौतर्फी विरोध शुरु भयो। उनीहरुको एउटै नारा थियो शालिकरामको हत्यारालाई न्याय दे, रवि लामिछानेलाई रिहा गर। मार्ने र आरोपी दुवै एकै पेशाका ब्यक्ति हुन धेरैले आंकलन गरेका थिएनन् होला रविको कार्यक्रम प्रति जनताको यति धेरै विश्वास अडिएको छ भनेर ।

जब राज्य शक्ति कमजोर हुन्छ त्यहाँ ब्यक्ति हावी हुनु स्वभाविकै हो। आखिर जनताको ढुकढुकी बनेर जनताको आवाज बोल्ने रवि आज सबैको भरोसा बने। विश्वमै सायद पहिलो पटक हुनुपर्छ एक पत्रकारको पक्षमा यति धेरै जनता सडकमा उत्रिएको घटना। के वृद्धा, के बालक, के युवा सबैको एउटै स्वर थियो- रविलाई फसाइँदैछ। हो, एक स्वच्छ छवि र निडर भएकै कारण आज रवि प्रति मानिसको भरोसा र विश्वास जाग्दै गएको हो। चितवनसहित देशभर प्रदर्शन बढ्दै गएपछि रवि प्रतिको अनुसन्धान छिटो सक्नुपर्ने दबाब प्रहरीमा पऱ्यो। १२ दिनपछि रविलाई अदालतमा उपस्थित गराएर धरौटीमा छाड्न अदालतले आदेश दियो। अब उनले शालिकरामको विषयमा बोल्न नपाए पनि उनले अरु विषयलाई भने जनतासँग सिधा कुरामा अझ जोडदार रुपमा उठाउन पाउने भएका छन् ।

रिहा भए लगत्तै सामाजिक सञ्जाल फेसबुक मार्फत धन्यवाद दिएका रविले। मंगलबार चितवनको नारायणी नदी किनारमा जनतालाई रविले गरेको सम्बोधन निकै ओझपूर्ण थियो। उनले आफूविरुद्ध लाग्नेलाई सर्पको संज्ञा दिइरहँदा जनसागरले उनका शब्दलाई अझ उच्चाईमा पुऱ्याएका थिए ।

वृद्ध बुबाआमा, साना बालबालिका, युवायुवती दाजुभाइ-दिदीबहिनीको आशीर्वादले गर्दा आफूलाई कसैले केही गर्न नसक्ने र छातीमा नौ गोली खाए पनि नमर्ने उद्घोष गरिरहँदा लाखौं जनसमुदायले हाम्रा रवि हाम्रो देश, प्राणभन्दा प्यारो छ भनेर एउटा राष्ट्रभक्ति छोराको छाती ढक्क फुलिएको थियो भने नेपाली हुँ भन्नमा गर्व लागेको थियो ।

रविलाई अबका दिनमा अझ चुनौति थपिएको छ। अब अझ धेरै गर्न बाँकी छ, तर आवेश र उत्तेजनामा आएर हतारको निर्णण नगर्नुहोला। रवि रवि नै मर्ने हो भने एकपटक सोच्नु। राष्ट्रिय झण्डा ओड्ने कि पार्टीको झण्डा ओड्ने ? तिमीलाई सिध्याउन केही ब्यक्तिले राजनीतिमा आउँ भन्न सक्छन्। तर, तिमीले जनतासँग सिधा कुरा मार्फत नै धेरै काम गर्न बाँकी नै छ है। यहाँ घुसखोरी बन्द भएको छैन, चेली बेचिने क्रम रोकिएको छैन, बलात्कारका घटनाको त कुरै नगरौं, जनता देशको चिन्ता तिमी माया माया भन्छौं भने झैं नेतालाई आफ्नै मात्र चिन्ता देशको चिन्ता गर्ने र नेपालीको आवाज बोल्ने तिमी भएका छौं ।

यस पटकको तिम्रो समर्थनले नेताहरुको चेत खुलेन भने मुलुकले यि नेताहरुलाई बोझ मानै पर्छ। आफ्नो स्वार्थका लागि बाँच्ने गरेका यस्ता नेताहरु प्रति जनतामा क्रमशः वितृष्णा जाग्ने काम शुरु भइसकेको छ। नेता बन्ने रहरमा भीडको पछि लाग्नुभन्दा सत्यको पक्षमा एक्लै उभिने चट्टान भएर बस। तिमीलाई जनताले साथ दिने छन्। तिम्रो मुद्दा छिट्टै टुङ्गोमा पुगोस् अनि तिमीले भन्ने छौं मलाई दोषी देखाउने निकै ठूलो प्रयास गरे पनि अदालतले सफाई दियो भनेर जनतालाई सुनाएको दिन साँच्चै जनता खुशी हुने छन्। अबका अप्ठ्याराहरु तिमी होसियारी साथ हिँड्ने छौं भन्नेमा विश्वस्त छन् जनता। रवि तिमीलाई अझ धेरै सफलताको शुभकामना ।


# हार्दिक श्रद्धाञ्जलि एवम् कृतज्ञता

मेरी सहयात्री/हाम्री ममतामयी आमा/बोजु **चन्द्रकुमारी (खापुङ) कन्दङ्वा लिम्बू**को ५५ वर्षको अल्पायूमै असामयिक देहावसान भएको अकल्पनीय घटनाले हामी परिवारजन ज्यादै शोकाकुल एवम् मर्माहत भएका छौं । आज २०७६ भाद्र १२ गते उहाँ परलोकबासी हुनुभएको ४५औं दिन भएको शोकाकुल यस घडीमा परिवारका तर्फबाट भावविव्हल हुँदै उहाँको आत्माको अनन्त शान्ति एवम् पितृलोक बासको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

मेरो धर्मपत्नी/हाम्री अभिभावकको अनन्त वियोगको दुःखपूर्ण घडीमा हामीप्रति सहानुभूति सहयोग एवम् समवेदना तथा परलोकबासीलाई श्रद्धाञ्जलि प्रकट गर्नुहुने छरछिमेक, इष्टमित्र, मामामावली, भानाभाञ्जा, कुलकुटुम्ब, दाजुभाइ, मलामीजन एवम् शुभेच्छुकहरूप्रति आभारी भई कृतज्ञता व्यक्त गर्दछौं ।



**दिवङ्गत: चन्द्रकुमारी (खापुङ) कन्दङ्वा लिम्बू**

**जन्म:** २०२०/११/०६/०३

मोराहाङ, तेह्रथुम

**निधन:** २०७६/०३/३१/०३

मेचीनगर, धाइजन-झापा

**पति : तिलविक्रम कन्दङ्वा लिम्बू**

**छोरा-बुहारीहरू :**

**मिराक कन्दङ्वा लिम्बू/सृजना (लिवाङ) कन्दङ्वा लिम्बू**

**निसाम कन्दङ्वा लिम्बू/इन्द्रकला (खेवाङ्ग) कन्दङ्वा लिम्बू**

**छोरी: मिमिङसा कन्दङ्वा लिम्बू**

**नातिनी : सुक्कुम कन्दङ्वा लिम्बू**

**एवम् समस्त कन्दङ्वा लिम्बू परिवार, मेचीनगर-१२, झापा**